# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३४१ | काठमाडौं | मंगलबार, २८ चैत २०७९ | Prabhab National Daily | Tuesday, 11 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


युवाको उमेर घटाउनेबारे छलफल

## १६ देखि ३५ वर्ष राख्ने तयारी

**काठमाडौं-** नेपालमा युवाको उमेर घटाउने बारेमा छलफल भएको छ । अहिले युवाको उमेर १६ देखि ४० वर्ष मानिँदै आएकोमा अब युवा १६ देखि ३५ वर्ष कायम गर्नेमा छलफल भएको राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले जानकारी दिए ।

> नेपालमा युवाको जनसंख्या बढेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार पछिल्लो १० वर्षमा २.२१ प्रतिशतले युवाको जनसंख्या बढेर एक करोड २४ लाख १२ हजार पुगेको छ ।

उनका अनुसार सरकारी र विभिन्न सरोकारावाला निकायबीच युवाको उमेर पाँच वर्ष घटाउनेबारे छलफल सुरु भएको हो । 'संयुक्त राष्ट्रसंघ र विश्वमा भएको अभ्यासका आधारमा नेपालमा पनि युवाको उमेर कम गर्ने भन्नेबारेमा छलफल सुरु भएको छ,' उनले भने, '१६ देखि ३५ वर्षबीचको उमेरलाई युवा भन्ने विषयमा छलफल भएको हो । चाँडै निष्कर्षमा पुग्छौं ।'

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र राष्ट्रिय युवा नीति, २०७२ ले युवाको उमेर १६ देखि ४० वर्षको उमेर समूहलाई परिभाषित गरेको छ । संयुक्त राष्ट्रसंघ र विश्व बैंकले युवाको उमेर १५ देखि २४ वर्षको उमेर समूहलाई युवा भनेर परिभाषित गरेको छ । कार्यकारी उपाध्यक्ष बस्नेतले अधिकांश देशमा युवाको उमेर ३५ वर्षसम्म राखिएकाले नेपालमा पनि १६ देखि ३५ वर्ष उमेर समूहलाई युवा भनेर परिभाषित गर्नुपर्ने सुझाव आएको बताए ।

विभिन्न देशमा युवाको परिभाषा पनि फरक-फरक रहेको छ । भारतमा १६ देखि २९ वर्ष, चीनमा १८ देखि ३५ वर्ष, बंगलादेश र फिलिपिन्समा १५ देखि ३० वर्ष, जर्मनीमा १४ देखि २६ वर्ष, दक्षिण अफ्रिकामा १५ देखि २९ वर्षका उमेर समूहलाई युवाको रूपमा परिभाषित गरिएको छ ।

नेपालमा पनि सरकारका (बाँकी पृष्ठ २ मा)

# सांसद कटौतीको बहस

## ३३० सांसद कटौती गरे मासिक तीन करोडभन्दा बढी जोगिने



> २७५ जनाको प्रतिनिधिसभा र ५५० जनाको प्रदेशसभाको संख्या धेरै ठूलो भयो । यसलाई क्रमशः १६५ र ३३० मा सीमित गरी निर्वाचन प्रणालीमा सुधार मात्रै गर्ने हो भने यो शासन व्यवस्थाको सबलीकरण र स्थायित्वमा खासै समस्या पर्दैन ।
>
> ● डा. खिमलाल देवकोटा
> संघीयताविद् तथा राष्ट्रिय सभा सदस्य



■ **जेबी योञ्जन**

**काठमाडौं–** संघीयता खर्चिलो भएको गुनासो आइरहेका बेला प्रतिनिधिसभा र प्रदेशसभा सदस्य संख्या घटाउने बहस फेरि पेचिलो बनेको छ । देशलाई पर्ने आर्थिक भार कम गर्न र सरकारको स्थिरताका लागि सांसद संख्या अनिवार्यरूपमा घटाउनुपर्ने बहस चलेको हो ।

हाल प्रतिनिधिसभामा प्रत्यक्षबाट १६५ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ११० जना गरी २७५ जना छन् । प्रदेशसभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट ३३० जना र समानुपातिकबाट २२० जना गरी ५५० जना सांसद छन् । यी दुई संसद्को सांसद संख्या ८२५ जना छ ।

संघीयताविद् तथा राष्ट्रिय सभा सदस्य डा. खिमलाल देवकोटा प्रतिनिधिसभामा १६५ जना प्रदेशसभामा ३३० जना सांसद हुनुपर्ने मत अघि सार्दै आएका छन् । प्रतिनिधिसभामा ११० जना र प्रदेशसभामा २२० जना सांसदको संख्या भने घटाउनुपर्ने प्रस्ताव उनको छ ।

सोमबार बसेको राष्ट्रिय सभा बैठकमा देवकोटाले यो विषय उठाउँदै बहसमा ल्याएका हुन् । संघीय लोकतान्त्रिक गणतन्त्रको सबलीकरण र स्थायित्वका लागि पनि प्रतिनिधिसभा र प्रदेशसभा सदस्य संख्या घटाउन उपयुक्त हुने उनले बताए ।

'२७५ जनाको प्रतिनिधिसभा र ५५० जनाको प्रदेशसभाको संख्या धेरै ठूलो भयो । यसलाई क्रमशः १६५ र ३३० मा सीमित गरी निर्वाचन प्रणालीमा सुधार मात्रै गर्ने हो भने यो शासन व्यवस्थाको सबलीकरण र स्थायित्वमा खासै समस्या पर्दैन,' डा. देवकोटाले प्रभावसँग भने ।

सांसद संख्या घटाए पनि महिला, सीमान्तकृत, दलित र पिछडा वर्गका समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने सवाल पनि उठेको छ । यस्तो अवस्थामा ६०-४० (प्रत्यक्ष ६०, समानुपातिक ४०)को अनुपातमा सांसद बनाउनु उपयुक्त हुने पनि डा. देवकोटाको जिकिर छ ।

'४० प्रतिशत सांसद क्लस्टरबाट हुनुपर्छ । बाँकीचाहिँ प्रत्यक्षबाट,' उनले भने, 'यसो गर्दा समानुपातिक र समावेशी प्रणाली पनि जोगिन्छ । प्रतिनिधित्व पनि हुन्छ ।'

पहिलोपटक २८ चैत २०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनपछि देशमा मिश्रित निर्वाचन प्रणाली लागू भएको हो । राष्ट्रिय राजनीतिको मूलधारमा आउन नसकेका आदिवासी जनजाति, दलित, महिला, मुस्लिमजस्ता समुदायको प्रतिनिधित्व बढाउन यस्तो निर्वाचन प्रणाली कार्यान्वयनमा ल्याइएको हो ।

सोही संविधानसभाको निर्वाचनपछि भएका हरेक निर्वाचनमा यस्तो प्रणाली अपनाउने गरिएको छ । र, प्रतिनिधिसभा र प्रदेशसभाका गरी ३३० सांसद हटाउँदा देश, जनता र सरकारका लागि फाइदा हुने देवकोटालगायतका एकथरी विद्वानहरूको मत छ ।

तर, राजनीतिक विश्लेषक डा. देउमान सम्बाहाम्फेले भने सांसद संख्या घटाउनुपर्ने डा. देवकोटाको प्रस्तावको औचित्य नभएको बताए । उनले भने, 'सांसद संख्या घटाएर संघीय शासन व्यवस्थाको सबलीकरण हुन्छ भन्नु अण्डा राखेर पूजा गर्नुपर्नेमा मकैको पिठो राखेर पूजा गरेजस्तो हो ।'

उनले सांसद संख्या (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# दुई सातामा १३७ जनाले लिए टेलिमेडिसिन सेवा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार बोर्ड सचिवालयले वैदेशिक रोजगारीमा रहेकाहरूलाई लक्षित गरी टेलिमेडिसिन सेवा सुरु गरेको करिब दुई हप्तामा १३७ जना नेपाली कामदारले सेवा लिएका छन् । बोर्ड सचिवालयले रोजगारीका लागि विभिन्न गन्तव्य मुलुकमा पुगेका नेपाली श्रमिकहरूले आफ्नो स्वास्थ्य समस्या समाधानका लागि टेलिमेडिसिन सेवा लिएको उल्लेख गरेको हो ।

> टेलिमेडिसिन सेवाका लागि सबैभन्दा बढी संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरेबिया र कतारमा रहेका नेपाली कामदार सम्पर्कमा आएको जानकारी

बोर्डले यही चैत १५ गतेदेखि विदेशमा रहेका नेपाली कामदारहरूलाई स्वास्थ्य परामर्श प्रदान गर्ने उद्देश्यले वीर अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा सञ्चालनमा ल्याएको थियो । यो सेवाका लागि सबैभन्दा बढी संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरेबिया र कतारमा रहेका नेपाली कामदारले टेलिफोन सम्पर्क गरेको बोर्डले जनाएको छ । त्यस्तै मलेसियाबाट थोरै कामदारले मात्रै उक्त सेवा लिएको बताइएको छ । 'सरदरमा दैनिक १५ देखि २० जनाले आफ्नो स्वास्थ्य समस्याबारे जानकारी लिन फोन सम्पर्क गरिरहेका छन्,' बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले भने, 'स्वास्थ्यसम्बन्धी गम्भीर समस्या देखिएका १३ जनालाई विशेषज्ञ सेवा दिइसकेका छौं ।' आगामी दिनमा स्वास्थ्य परामर्श तथा विशेषज्ञ सेवा लिने कामदारको संख्या उल्लेख्य मात्रामा बढ्ने देखिएको उनले जानकारी दिए ।

बोर्डले विदेशमा रहेका नेपाली कामदारले ९८५१३४५७०१ र ९८५१३४५७०२ नम्बरमा भाइवर, ह्वाट्सएप वा इमोमार्फत फोन गरी आफ्नो स्वास्थ्य समस्या राख्न सक्ने व्यवस्था गरेको छ । यसका लागि उनीहरूले सार्वजनिक विदाको दिनबाहेक नेपाली समयानुसार विहान १० देखि बेलुका ५ बजेसम्म सम्पर्क गर्न सक्ने जनाइएको छ । सेवा प्रवाहका लागि खटिएका मेडिकल अधिकृतले फोनमार्फत नै कामदारको स्वास्थ्य समस्या र जिज्ञासा हल गर्ने प्रयास गर्ने छन् ।

यदि मेडिकल अधिकृतले समाधान गर्न नसक्ने स्वास्थ्य समस्या भएमा रोगका लक्षणअनुसार बिरामीलाई विशेषज्ञ डक्टरबाटै समस्या समाधानका लागि परामर्श दिइनेछ । जटिल स्वास्थ्य समस्या भएका बिरामीले प्रत्येक हप्ता आइतबार र शुक्रबार विशेषज्ञ सेवा लिन सक्ने बोर्डले जनाएको छ । निरन्तर सञ्चालन हुने यस कार्यक्रमबाट रोजगारीका लागि विदेशमा रहेका नेपालीहरू लाभान्वित हुने पौडेलले बताए ।

# व्यवसायी राईको मृत्यु 'झुण्डिएरै' : मलेसिया प्रहरी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मलेसिया प्रहरीले शंकास्पदरूपमा मृत अवस्थामा फेला परेका वैदेशिक रोजगार व्यवसायी रिन्जी राईको झुण्डिएर मृत्यु भएको जनाएको छ । मार्भेलस इम्प्लोइमेन्ट नेपालको प्रबन्ध निर्देशकसमेत रहेका राईको हत्या आशंका गरिएको थियो ।

मलेसियाको प्रहरीले तयार पारेको प्रतिवेदनमा राईको झुण्डिएर मृत्यु भएको जनाइएको मलेसियास्थित नेपाली दूतावासले जानकारी दिएको मार्भेलसका अर्का सञ्चालक भरत पाण्डेले जानकारी दिए ।

राई मलेसियाको एक स्टार डोमेन कम्पनीको होस्टलको शौचालयमा झुण्डिएको



अवस्थामा मृत फेला परेका थिए । झुण्डिएको अवस्थामा फेला परेका मृतक राईको खुट्टाले भुँइमा टेकिरहेको भिडियो तथा तस्बिर सार्वजनिक भएपछि हत्या भएको आशंका गरिएको छ । प्रहरीले झुण्डिएरै मृत्यु भएको बताए पनि राईको हत्या नै भएको हुन सक्ने पाण्डेले बताएका छन् ।

'मैले दूतावासमा सम्पर्क गर्दा मलेसिया प्रहरीले झुण्डिएरै मरेको रिपोर्ट दिएको जानकारी पाएको छु' पाण्डेले भने, 'दूतावासले मृतकको शव नेपालमै ल्याएर पनि पोस्टमार्टम गर्न सक्ने प्रहरी रिपोर्टमा उल्लेख गरेको बताएको छ ।' सोमबार नै आउने भनिएको पोस्टमार्टम रिपोर्ट मंगलबार (आज) दिउँसोसम्म प्राप्त दूतावासले जानकारी दिएको पाण्डेले बताए ।

उनले कम्पनीको तर्फबाट आवश्यक छानबिन र सहयोगका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा निवेदनसमेत दिएका छन् । साथै सोमबार प्रधानमन्त्री कार्यालय र गृह मन्त्रालयमा पनि निवेदन दिइएको पाण्डेले बताए । उनका अनुसार राईका परिवारले पनि सम्बन्धित निकायमा आवश्यक छानबिन र सहयोगका लागि निवेदन दिइसकेका छन् । निवेदनमा राईको नेपालीबाटै योजनाबद्धरूपमा हत्या भएको हुनसक्ने दाबी गर्दै शंकरप्रसाद आचार्य र महेन्द्रजंग शाहीको नाम उल्लेख गरिएको छ ।

मलेसियाको ग्यान्टिङ आइल्याण्डमा रहेको स्टार डोमेन कम्पनीमा कामदारको विवाद आएपछि राई त्यसको समाधानका लागि मलेसिया पुगेका थिए । सोही क्रममा कम्पनीको हेस्टेलमा बसेका राई भोलिपल्ट मृत अवस्थामा भेटिएका थिए । नेचा सल्यान-५ सोलुखुम्बु स्थायी घर भएका राई कवि तथा गीतकारसमेत हुन् । उनले थुप्रै फुटकर कविता र गीतहरू सिर्जना गरेका छन् ।




# ज्यापू महागुथि र बाजा संरक्षणलाई कामपाले दियो एक करोड ७२ लाख

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले ज्यापू महागुथि र गुँला बाजा संरक्षण तथा व्यवस्थापन संघअन्तर्गतका ८६ समूहलाई एक करोड ७२ लाख रूपैयाँ अनुदान रकम उपलब्ध गराएको छ ।

सोमबार यहाँ भएको कार्यक्रममा कामपा प्रमुख बालेन्द्र शाहले ६३ ज्यापू महागुथिअन्तर्गत परम्परागत टोल र गुँला बाजा संरक्षण तथा व्यवस्थापन संघअन्तर्गतका २३ समूह प्रत्येकलाई दुई लाख रूपैयाँका दरले अनुदान रकमको चेक हस्तान्तरण गरेका हुन् । प्रमुख शाहले नदी सभ्यता र काठमाडौंवासीका परम्परागत चालचलनका बीचमा स्वभावले नै अभिन्न सम्बन्ध रहेको बताए ।

नदी सभ्यतालाई छुटचाएर काठमाडौंवासीका सांस्कृतिक क्रियाकलापको निरन्तरता अधुरो रहने हुनाले नदी सभ्यताजस्ता प्राकृतिक सम्पदा र सांस्कृतिक, सामाजिक संस्कृतिलाई सँगै संरक्षण गर्नुपर्ने धारणा उनले राखे । प्रमुख शाहले भने, 'अनुदान रकम कम भए पनि यसलाई गुथि, खलका प्रतिनिधिले प्रोत्साहनका रूपमा ग्रहण गरे ।'



उपप्रमुख सुनिता डंगेलले सांस्कृतिक सम्पदाको संरक्षण राजनीतिक विषयभन्दा माथि रहेको उल्लेख गरिन् । सामाजिक व्यवस्थापन र पहिचानका लागि सांस्कृतिक क्रियाकलापको महत्त्वलाई कामपाले नीति र कार्यक्रममा समेट्ने उनले विश्वास दिलाइन् । काठमाडौंका संस्कार र संस्कृति बचाए मात्र महानगर सांस्कृतिक सहर हुनेमा आफू सचेत रहेको भन्दै सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संग्तले बाद्यवादन, पर्व, संस्कार र संस्कृति बचाउने नीति कार्यक्रमलाई महानगरले कहिल्यै नछोड्ने बताइन् ।

कार्यक्रममा वडा नं १८ का अध्यक्ष न्हुच्छेकाजी महर्जनले समुदायका सांस्कृतिक क्रियाकलापसँग महानगर केन्द्रीय तहबाट र स्थानीय गतिविधिमा वडागतरूपमा साथ रहेको उल्लेख गरे । महागुथिका अध्यक्ष पञ्चनारायण महर्जनले कामपाको सहयोगमा बाजागाजा संरक्षणमा ठूलो सहयोग पुगेको बताए । सहकार्यलाई अझ नजिक बनाउँदा महानगर र समुदाय दुवैलाई फाइदा हुने उनको भनाइ थियो ।

गुँला बाजा व्यवस्थापन तथा संरक्षण संघका अध्यक्ष अमिरमान शाक्यले बुद्धभूमि लुम्बिनीबाट काठमाडौं आएका शाक्यहरूसँगै गुँला बाजाको संस्कार भित्रिएको बताए । गुँला बाजा समूहमध्ये चारुमती र जयबागेवरी धा बाजं खल गुँला पर्वका अवसरमा बाजा बजाउँदै पशुपतिको यात्रा गर्छन् भने अन्य २१ वटा समूहले स्वयम्भूको यात्रा गर्छन् । *रासस*

# सामुदायिक विद्यालयमा विद्यार्थी बढे

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरभित्रका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन हुने भए पनि नयाँ भर्नाका लागि विद्यार्थी आउने क्रम बढेको छ ।

हाल कामपामा ८९ सामुदायिक विद्यालय छन् । जसमा ५० प्रतिशत विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन हुन्छ । कम शुल्कमै अंग्रेजी माध्यमका पढ्न पाएपछि विद्यार्थी आउने क्रम बढेको कामपा शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले जानकारी दिए ।

उनका अनुसार निजी विद्यालयमा कक्षा ५ सम्म अध्ययन सकेर ६ मा भर्ना हुन आउनेको संख्या बढी छ । 'भर्नामा २५ प्रतिशत नयाँ विद्यार्थी देखिएका छन्, यसरी आउने विद्यार्थी कक्षा ६ देखि कक्षा आठसम्मका छन्,' उनले भने । सामुदायिक विद्यालयबाट एसइई उत्तीर्ण गरेपछि उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति पाइने भएकाले विद्यार्थीको आकर्षण बढेको हो ।

नयाँ भर्नाका लागि विद्यार्थीको संख्या बढेपछि स्तरमापन गरेर मात्र भर्ना गर्ने तयारी भएको उनको भनाइ छ । यसका लागि नेपाली, अंग्रेजी, विज्ञान, गणित र सामाजिक विषयको पाठ्यक्रममा आधारित स्तरमापन गरिने जनाएको छ । ती विषयबाट २०/२० अंक भारसहित जम्मा १०० पूर्णांकको प्रश्न सोधिनेछ ।

कामपामा रहेका ८९ सामुदायिक विद्यालयमध्ये ५९ माध्यमिक विद्यालय र ३० प्राथमिक विद्यालय छन् । ती विद्यालयमा ५२ हजार विद्यार्थीले अध्ययन गर्दछन् । साथै ५४० निजी विद्यालयमा एक लाख २० हजार विद्यार्थी अध्ययनरत छन् ।

कामपाले यस वर्ष पहिलोपटक आफ्नो क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको एसइई नतिजा सुधारका लागि गणित, विज्ञान, अंग्रेजी, सामाजिक र नेपाली विषयका लागि शिक्षण सहजकर्ता नियुक्त गरी दुई महिना अतिरिक्त कक्षा सञ्चालनसमेत गरेको थियो ।

# उपत्यकाका ट्राफिक बत्तीको मर्मत सुरू

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकामा ट्राफिक बत्तीको मर्मत सुरु गरिएको छ । सडक विभाग, सडक सुरक्षा तथा ट्राफिक शाखाले उपत्यकाका १९ चोकमा 'अपरेसन एण्ड मेन्टेनेन्स' कार्यक्रमअन्तर्गत मर्मत अघि बढाएको हो ।

उपत्यकाका विभिन्न स्थानमा विभिन्न समयमा जडान भएको ट्राफिकबत्ती मर्मत भइरहेको शाखाकी इञ्जिनियर आश्मा न्यौपानेले बताइन् । उनका अनुसार अहिले बानेश्वर, तीनकुने, सिंहदरबारलगायत भक्तपुरका विभिन्न चोकमा मर्मत भइरहेको छ ।

'ट्राफिक बत्तीको सञ्चालन र नियन्त्रण ट्राफिक प्रहरीले गर्ने हुँदा उहाँहरूसँगको समन्वयमा मर्मत भइरहेको छ,' उनले भनिन् । काठमाडौं उपत्यकामा चालु आर्थिक वर्षमा थप स्थानमा बत्ती जडानको योजना नरहेको र पहिले जडान भइसकेको बत्तीलाई नै मर्मत गरेर सञ्चालन गर्ने लक्ष्य रहेको इञ्जिनियर न्यौपानेले जानकारी दिइन् ।

शाखाले चालु आवमा सातदोबाटो, महालक्ष्मीस्थान, चापागाउँ दोबाटो, धोबीघाट, बल्खु र कलंकीमा ट्राफिक बत्ती जडान गरिसकेको छ । चीन सरकारको सहयोगमा विस्तार भएको चक्रपथको यो खण्डमा बत्ती जडान गरिएको हो ।

सडक विभागबाहेक अरू निकायलेसमेत जडान गरेका गरी ५६ चोकमा ट्राफिक बत्ती जडान भएका छन् । उपत्यकाका नगरपालिका र वडा कार्यालयले पनि आवश्यकताका आधारमा बत्ती जडान गरिरहेका छन् । विभागले हालसम्म उपत्यकाबाहिर भने थोरै ठाउँमा मात्रै बत्ती जडान गरेको छ ।

## सांसद कटौती...

पृष्ठ १ बाट जारी

घटाउँदा संघीयता कार्यान्वयन सफल हुन्छ भन्नुलाई भ्रम भनेका छन् । बरु, शासक वर्गको मानसिकतामा परिवर्तन आएको अवस्थामा संघीयता कार्यान्वय सहजरूपमा कार्यान्वयन हुने उनको मत छ ।

यद्यपि, हाल समानुपातिक र समावेशी प्रणालीबाट आफ्ना श्रीमती, श्रीमान्, छोराछोरीसँगै नातागोता र धनीमानी सांसद बन्दै आएका छन् । यसले गर्दा पनि सांसदको संख्या र संघीयताबारे बहस सतहमा आएको हो ।

संसद्मा कांग्रेस सभापति शेरबहादुर देउवा प्रत्यक्षबाट र श्रीमती डा. आरजु राणा समानुपातिक प्रणालीबाट सांसद छन् । जनता समाजवादी पार्टीका अध्यक्ष अशोककुमार राई प्रत्यक्षबाट र श्रीमती सुशीला श्रेष्ठ समानुपातिकबाट सांसद छन् । माओवादी नेता जनार्दन शर्मा प्रत्यक्ष र बहिनी नारायणी शर्मा तथा अर्का सांसद शक्तिबहादुर बस्नेत र बहिनी ज्ञानु बस्नेत सुवेदी सांसद छन् । यसरी संसद्मा ४० प्रतिशतको क्लस्टरबाट पहुँजवाला नेताका श्रीमती वा आफन्त सांसद हुँदै आएका छन् ।

यसले गर्दा पनि समानुपातिक प्रणाली खारेजीको एकातिर माग उठ्दा अर्कातिर सांसदको संख्या नै घटाउनुपर्ने बहस छेडिएको हो । उसो त यसअघि पनि यो विषयमा छलफल नभएको होइन । तर, दलहरू रुचि यसप्रति भएन ।

निर्वाचन आयोगका अनुसार २०४८ पछि प्रतिनिधिसभा २०५ सदस्यीय बनेको देखिन्छ । एकैपटक २०६४ मा आएपछि भने ६०१ सदस्यीय संसद् बन्यो । दोस्रो संविधानसभामा पनि यही संख्या कायम भयो । यद्यपि, ३ असोज २०७२ मा जारी नेपालको संविधानअनुसार प्रतिनिधिसभा २७५ सदस्यीय भएको हो । प्रदेशसभा अझ बढी ५५० सदस्यीय छ ।

संसद् सचिवालयका अनुसार एक जना संघीय सांसदले पारिश्रमिक बापत मात्रै ६७ हजार बुझ्ने गरेका छन् । त्यसबाहेक मासिकरूपमा घरभाडा १८ हजार, सञ्चार ण ३०००, विशेष भत्ता १०००, विजुली पानी २००० र अतिथि सत्कार १००० पनि पाउने गरेका छन् । संसद् बैठक बसेको दिनको भत्ता १००० र दैनिक भ्रमण भत्ता २५०० पाउने गरेका छन् । यस आधारमा एक जना संघीय सांसदलाई सरकारले कम्तीमा ९१ हजार ७० रूपैयाँ खर्च गर्ने गरेको छ ।

प्रतिनिधिसभाका मात्रै ११० जना सांसद कम भए मासिक एक करोड १७ हजार रूपैयाँ आर्थिक भार कम हुने देखिएको छ ।

र, हरेक प्रदेशका सांसदले कम्तीमा ५२ हजार रूपैयाँ मासिक तलब पाउँछन् । बैठक बसेको दिन यातायात खर्च १००० र बैठक भत्ता १००० हजार पाउँछन् । घरभाडा मासिक १५ हजार, सञ्चार ३००० हजारसहितका संघीय सांसदले जसरी सुविधा पाउँछन् । यस आधारमा प्रदेशका हरेक सांसदको सुविधा पनि ८० हजारको हाराहारीमा पुग्ने गरेको छ । यदि, प्रदेशका २४० जना सांसद कटौती भए मासिक एक करोड ९२ लाख आर्थिक भार घट्ने देखिएको छ ।

## १६ देखि...

पृष्ठ १ बाट जारी

विभिन्न निकायमा युवा उमेर समूहबारे अझै एकरूपता कायम हुन नसकिरहेको छैन । 'युथ भिजन-२०२५' मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ ।

**युवाको जनसंख्या पनि बढ्यो**

नेपालमा युवाको जनसंख्या बढेको छ । १० वर्षमा २.२१ प्रतिशतले युवाको जनसंख्या बढेको पाइएको हो । राष्ट्रिय जनगणना २०७८ अनुसार युवाको जनसंख्या ४२.५६ प्रतिशत पुगेको छ । अर्थात् युवाको जनसंख्या एक करोड २४ लाख १२ हजार १७३ रहेको छ । यसभन्दा अघि वि.सं. २०६८ को जनगणनामा युवाको जनसंख्या ४०.३५ प्रतिशत अर्थात् एक करोड छ लाख ८९ हजार ८४२ रहेको थियो । *रासस*

# कुसुन्डाकी छोरी सिमान्त पुरस्कृत

**तनहुँ–** व्यास नगरपालिका-२ स्थित सत्यवती माध्यमिक विद्यालयमा अध्ययनरत लोपोन्मुख कुसुन्डाकी छोरी सिमान्तलाई विद्यालयले पुरस्कृत गरेको छ । जंगलका राजा भनेर चिनिने कुसुण्डाकी छोरी सिमान्त कक्षा ७ बाट उत्तीर्ण भई कक्षा ८ पुगेको खुसीयालीमा पुरस्कृत गरेको हो ।

छोरी उत्तीर्ण भएपछि आमा इन्द्रमाया खुसी भएकी छन् । सिमान्त उनकी एक मात्र सन्तान हुन् । वार्षिक नतिजा प्रकाशन गर्दै विद्यालयले सिमान्तलाई हौसला प्रदान गर्न पुरस्कृत गरेको हो । विद्यालयका प्रधानाध्यापक एकबहादुर गुरुङ र विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीले संयुक्त पुरस्कृत गरेका हुन् ।

राजामा कुसुन्डाको २०७५ वैशाख ५ गते निधन भएपछि उनको श्रीमती इन्द्रमाया कुसुन्डाले छोरीलाई पालनपोषण र शिक्षा दिँदै आएकी छन् । विद्यालयले सिमान्तलाई निःशुल्क पढाइरहेको विद्यालयका प्रधानाध्यापक एकबहादुर गुरुङले जानकारी दिए ।

कुसुन्डा लोपोन्मुख जातिमा पर्छ । तनहुँमा एक घर परिवार मात्रै कुसुन्डा छन् । इन्द्रमायाको परिवारलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले एक रोपनी जग्गा खरिद गरी व्यास-१० स्थित डिहीकुनामा तीन कोठे घर निर्माण गरिदिएपछि उक्त घरमा बस्दै आएकी छन् ।

इन्द्रमाया र छोरी सीमान्तले लोपोन्मुख जातिका रूपमा मासिक दुई हजार रूपैयाँ सामाजिक सुरक्षा भत्ता पाउँछन् । तर, त्यसले आफ्नो आवश्यकता नपुग्ने इन्द्रमायाको गुनासो छ ।

नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् तनहुँकी निर्वतमान अध्यक्ष वसुन्धरा घर्तीले लोपोन्मुख जातिको संरक्षणमा सहयोग पुर्याउन इन्द्रमायालाई जागिरको व्यवस्था गर्नुपर्ने बताइन् । *रासस*



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत २८ गते, मंगलबार

| | |
|---|---|
| **मेष** | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ । |
| **वृष** | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ । |
| **मिथुन** | अभिभावकको आशीर्वादले काम गर्नसक्छ । |
| **कर्कट** | आँटेको र ताकेको कार्य पुरा होला । |
| **सिंह** | आज कुनै कुराले अनुहारमा चमक आउनेछ । |
| **कन्या** | राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| **तुला** | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला । |
| **वृश्चिक** | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । |
| **कुम्भ** | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ । |
| **मीन** | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत २८ गते, २०७९, ११ अप्रिल, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.६८ | १३२.२८ |
| युरो | १ को | १४१.३२ | १४१.९६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६०.७९ | १६१.५३ |
| स्विस फ्रैन्क | १ को | १४३.३६ | १४४.०२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४६ | ८७.८६ |
| क्यानाडियन डलर | १ को | ९५.५७ | ९६.०१ |
| सिंगापुर डलर | १ को | ९८.७२ | ९९.१७ |
| जापानी येन | १० को | १०.१५ | १०.२० |
| चिनियाँ युआन | १ को | १९.१५ | १९.२३ |
| साउदी अरब रियाल | १ को | ३५.०५ | ३५.२१ |
| कतारी रियाल | १ को | ३६.१७ | ३६.३३ |
| थाई भाट | १ को | ३.८६ | ३.८७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.८५ | ३६.०२ |
| मलेसियन रिंगेट | १ को | २९.७४ | २९.८७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१४ |
| स्विडिस क्रोनर | १ को | १२.६२ | १२.६८ |
| डेनिस क्रोनर | १ को | १८.९७ | १९.०५ |
| हङकङ डलर | १ को | १६.७८ | १६.८५ |
| कुवेती दिनार | १ को | ४३०.१९ | ४३२.१५ |
| बहराइन दिनार | १ को | ३४९.१८ | ३५०.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# वर्ष २०७९ : 'संसदीय अभ्यास उत्साहवर्द्धक होइन सन्तोषजनक'

■ नारायण न्यौपाने



**काठमाडौं–** मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पनि पर्याप्त अभ्यास र अनुभव नभएका कारण संसदीय उपलब्धिका हिसाबले यो वर्ष पनि उत्साहपूर्ण नभई सन्तोषजनकमै सीमित रहन पुगेको छ ।

तत्कालीन सत्तापक्ष र प्रतिपक्षबीच चुनावबारेमा आ-आफ्नै अडान र अविश्वासको वातावरणबीच सहजरूपमा निर्वाचन सम्पन्न भई मुलुक नयाँ कोर्षमा अघि बढ्नुलाई भने महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । स्थानीय तहदेखि राष्ट्रपतिसम्मका सबै चुनाव यसै वर्ष सम्पन्न भएकाले निर्वाचनका हिसाबले यो वर्ष निकै महत्त्वपूर्ण रह्यो ।

यस अवधिमा सदनले आफ्नो कार्यकाल टुंगो लगाउन नसकेपछि सर्वोच्च अदालतले त्यससम्बन्धी विषयलाई व्याख्या गरी स्पष्ट पार्नु पर्ने परिस्थिति भयो । संसदीय अभ्यासमा महत्त्वपूर्ण मानिने संसद्बाट पारित भई सभामुखले प्रमाणित गरेर पठाएका विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुन सकेनन् । जुन घटनाले वर्षभर नै महत्त्वका साथ चर्चा परिचर्चा पाई नै रह्यो ।

मुलुकमा राजनीतिक व्यवस्था परिवर्तनसँगै एक वर्षभित्र टुंग्याउने भनी हस्ताक्षर गरिएका संक्रमणकालीन न्याय र सत्यनिरूपण जस्ता विषय यो वर्ष पनि थाँती नै रह्यो । जुन मुद्दा निर्वाचनमा मात्र नभई सरकार गठन र फेरबदल गर्ने हतियारकै रूपमा अझै पनि प्रमुखरूपमा उठाइँदै आएको छ ।

मुलुकका प्रमुख राजनीतिक दलका शीर्ष नेताबीचमा हार्दिकता र कमजोर विश्वासको प्रतिफलका रूपमा वर्ष प्रारम्भमै आरोप, प्रत्यारोप, नारा जुलुस र संसद्का बैठक अवरुद्धको चक्र चलिनै रह्यो । सरकार, संसद्बीच सुमधुर सम्बन्ध स्थापित हुनुपर्नेमा त्यो नभई तीक्तताको वातावरणले सदनले समयमा काम गर्न सकेन फलस्वरूप प्रतिनिधिसभाको कार्यकाल समाप्त भएसँगै धेरै संख्यामा विधेयक निष्क्रिय बन्न पुगे ।

वर्षभर नै संसदीय महत्त्व र चर्चाको सूचीमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाविरुद्धको महाभियोगको प्रस्ताव अग्रभागमा रहन पुग्यो । महाभियोगसम्बन्धी प्रस्तावको निर्णयका लागि बनेको संसदीय समिति दुई भागमा विभाजित भयो । संसद् सचिवालयका महासचिवसमेत सर्वोच्च अदालतमा पठाएको पत्रका कारण विवादमा अल्झनुपर्‍यो ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले धेरै दलको अपेक्षा नराखेको भए पनि मुलुकमा देखिएको अस्थिरता र दलबीच तीक्तताका कारण मतदाताले ठूलालाई सचेत तुल्याउँदै केही नयाँ दललाई सदनमा प्रवेश गराएका छन् । निर्वाचनको परिणामस्वरूप मुलुकका स्थापित भनिएका दलले आफ्नो वर्चश्व र सदनमा केही सिट गुमाएको अवस्था छ । चुनावी परिणामले नयाँ प्रवेशीलाई आफ्ना मुद्दा स्थापित गर्ने अवसर प्रदान गरेको छ ।

प्रतिनिधिसभाको गत निर्वाचनमार्फत १३ राजनीतिक दलले संघीय संसद्मा प्रवेश पाएका छन् । चुनावी यो परिणामले गठबन्धनको संस्कृतिलाई निरन्तरता प्रदान गरे पनि स्थिरताभन्दा अस्थिरता निम्त्याउने हो कि भन्ने संशय खडा गरेको छ ।

सरकार गठनका लागि खडा हुने गठबन्धन वैचारिक आधारमा नभई तत्कालीन राजनीति निकासका लागि भने महत्त्वपूर्ण घटना सावित हुँदै आएको छ । नेकपा एमालेका सचिव गोकर्ण विष्टले नयाँ संसद् भएकाले उत्साहपूर्वक सहभागिता हुनुपर्नेमा त्यसो नदेखिएको प्रतिक्रिया दिए । उनले भने, 'सदनलाई प्रभावकारी तुल्याउन सरकारमा भरपर्छ, सरकारले विजनेस दिनुपर्छ, त्यो भएन, उठाइएका मुद्दा सुनुवाइ र सम्बोधनमा कमी देखियो, नियमावली र समिति बनाउन ढिला गरियो, त्यसैले संसद् प्रभावकारी हुन सकेन ।'

नागरिक उन्मुक्ति पार्टीका प्रमुख सचेतक गंगाराम चौधरीले राष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखको निर्वाचनमा धेरै समय खर्चनु परेकाले अपेक्षाकृतरूपमा सदन प्रभावकारी हुन नसकेको प्रतिक्रिया दिए । उनले भने, 'सदनमा उठाइएका विषयवस्तुलाई सरकारका मन्त्रीहरूले समयमै सम्बोधन गर्न आवश्यक छ, त्यो गर्नुपर्छ, समग्रमा सदन ठीकै ढंगबाट अगाडि बढ्दै छ ।'

सभामुखको निर्वाचन विगतमा प्रमुख दलबीच सहमतिमा गर्ने परम्परालाई तोडेर यसपटक लोकतान्त्रिक अभ्यासबाट प्रतिस्पर्धाका आधारमा चयन भयो । मुलुकमा राजनीतिक अस्थिरतको झल्को सरकार र संसद्बीच मात्र नभई संसद्का नेतृत्वबीचमै पनि यो वर्ष एकखाले तीक्तता देखियो । संसद्को निर्वाचन सकिएको लामो समय भए पनि संसदीय अभ्यासमा निकै महत्त्वपूर्ण मानिने 'मिनि पार्लियामेन्टका'रूपमा रहेका विषयगत समिति गठनमा अझै ढिलाइ भएको छ ।

नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले नियमितरूपमा हेर्ने हो भने उत्साहित हुने अवस्था नरहेको बताए । 'यसले आफैंले विजनेस सिर्जना गर्न सकेन, सरकारको प्रयत्न संक्रमणकालीन न्यायका विषय टुंग्याउनेमा केन्द्रित रह्यो, सरकार गठन र राजनीतिक गठबन्धनको असर संसद्मा पनि स्वाभाविकरूपले पर्‍यो । जुन तीव्रता र गतिमा काम गर्नुपर्थ्यो त्यति गर्न सकेन,' उनले भने ।

विषयगत समिति निर्माण नभएका कारण कानुन निर्माण र छलफलका विषय ओझेलमा परेको छन् । प्रतिनिधिसभाको कार्यकाल समाप्त भएसँगै अघिल्लो सदनमा प्रवेश पाई विभिन्न चरणमा रहेका २७ वटा विधेयक निष्क्रिय भए । सत्ता समीकरणमा आएको फेरबदलसँगै तीन महिनामै प्रधानमन्त्रीले दुई पटक विश्वासको मत लिनुपर्ने बाध्यात्मक परिस्थितिसमेत पर्न गयो ।

मुलुकका प्रमुख राजनीतिक दलबीच नै यस अवधिमा ठूलो अविश्वास र विश्वासको वातावरण कमजोर रह्यो । चुनावी परिणामपछि प्रभावकारी हुने अपेक्षा गरिएको संघीय संसद्का प्रारम्भिक बैठकमै 'कोरम'को समस्या देखियो । बैठकले सुरुआती दिनदेखि नै आवश्यक उपस्थित संख्या अभाव संकट झेल्नुपर्‍यो ।

केही वर्षदेखि प्राथमिकताका साथ आवाज उठिरहेको निजामती विधेयक पारित हुन सकेन । प्रदेश प्रहरी समायोजन विधेयक पारित हुन नसक्नुलाई संघीय संसद् र सरकारको कमजोरीका रूपमा हेरिएको छ । मुलुकको संसदीय इतिहासमा यसअघि तीन वटा गैरसरकारी विधेयक पास भएकामा २०५४ सालयता गैरसरकारी विधेयकका रूपमा यस वर्ष पहिलोपटक राष्ट्रिय मर्यादाक्रमसम्बन्धी विधेयकले प्रवेश पाएको छ ।

संघीय संसद् सञ्चालनसम्बन्धी नियमावलीमा आमूल परिवर्तन गरी तर्जुमा गरिएको छ । त्यसमा सदनलाई 'क्यालेण्डर'का आधारमा चलाउनुपर्छ भन्ने प्रणाली स्थापित गर्नुपर्नेमा त्यो हुन सकेन । संसद्को बैठक प्रारम्भ भएको घोषणा गर्नासाथ सांसद विशेषले तत्काल सदनलाई जानकारी गराउन आवश्यक देखिएका विषयमा ढ्यापढ्यापे समयको अभ्यासलाई 'आकम्मिक' समयको नाम दिई नयाँ कार्यसूची बनाइएको छ ।

प्रतिनिधिसभाको बाह्रौं अधिवेशन गत जेठ ३ गते सुरु भई १२४ दिन चालु रहेकामा ४४ दिनमा ५८ बैठक बसी ५६ घन्टा ५२ मिनेट समय खास कार्यका लागि खर्चेर असोज १ गते समाप्त भयो । तेह्रौं अधिवेशन भने गत पुस २५ गते सुरु भई हालसम्म चालु छ ।

देश र जनहितविपरीत सत्ता र प्रतिपक्षको निरन्तर फेरबदल भएका अवस्थामा पनि तत्कालै सहमति र सहकार्य गर्नसक्ने राजनीतिक दलको चरित्रले संसदीय अभ्यासलाई रोचक मात्र नभई जिम्मेवार पनि बनाउँदै लगेको पुष्टि गरेको छ । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR CLEANING COMPANY WLL

पूर्व स्वीकृति मिति २०७९/०४/३१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 268639 | चलानी नं. ६०१८५५४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 100 | 0 | 1000 | ३५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

चीनबाट आयात भएका देहाय बमोजिमका मालबस्तुहरुको (Reagents for Autobio A1000) यस कम्पनीबाट अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम निर्धारण भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो मूल्यसूची प्रकाशन गरिएको छ ।

| Reference Number | Product Name | Specification | Cost per test | Pack Price for 100 Tests |
|---|---|---|---|---|
| CMB0102 | AFP CLIA Microparticles | 100T | 420 | 42000 |
| CMB0202 | CEA CLIA Microparticles | 100T | 420 | 42000 |
| CMB0302 | tPSA CLIA Microparticles | 100T | 420 | 42000 |
| CMB0402 | CA50 CLIA Microparticles | 100T | 420 | 42000 |
| CMB0502 | fPSA CLIA Microparticles | 100T | 420 | 42000 |
| CMB0602 | CA125 CLIA Microparticles | 100T | 420 | 42000 |
| CMB0702 | CA15-3 CLIA Microparticles | 100T | 420 | 42000 |
| CMB0802 | CA19-9 CLIA Microparticles | 100T | 420 | 42000 |
| CMB0902 | Ferritin CLIA Microparticles | 100T | 390 | 39000 |
| CMB1002 | ß2-Microglobulin CLIA Microparticles | 100T | 370 | 37000 |
| CMB1102 | NSE CLIA Microparticles | 100T | 400 | 40000 |
| CMB1202 | Cyfra 21-1 CLIA Microparticles | 100T | 410 | 41000 |
| CMB1302 | SCCA CLIA Microparticles | 100T | 450 | 45000 |
| CMB1402 | CA72-4 CLIA Microparticles | 100T | 420 | 42000 |
| CMC0102 | HBsAg CLIA Microparticles | 100T | 260 | 26000 |
| CMC0202 | Anti-HBs CLIA Microparticles | 100T | 280 | 28000 |
| CMC0302 | HBeAg CLIA Microparticles | 100T | 280 | 28000 |
| CMC0402 | Anti-HBe CLIA Microparticles | 100T | 280 | 28000 |
| CMC0502 | Anti-HBc CLIA Microparticles | 100T | 280 | 28000 |
| CMC0602 | Anti-HCV CLIA Microparticles | 100T | 250 | 25000 |
| CMC0702 | Anti-HAV IgM CLIA Microparticles | 100T | 310 | 31000 |
| CMC0802 | HBV PreS1-Ag CLIA | 100T | 310 | 31000 |
| CMC0902 | Anti-HBc IgM CLIA Microparticles | 100T | 290 | 29000 |
| CMC1002 | Anti-HEV IgM CLIA Microparticles | 100T | 310 | 31000 |
| CMC1102 | Anti-HEV IgG CLIA Microparticles | 100T | 310 | 31000 |
| CMJ0202 | Anti-TP CLIA Microparticles | 100T | 224 | 22400 |
| CMJ0102 | Anti-HIV CLIA Microparticles | 100T | 235 | 23500 |
| CMK0102 | Toxo IgM CLIA Microparticles | 100T | 225 | 22500 |
| CMK0202 | CMV IgM CLIA Microparticles | 100T | 225 | 22500 |
| CMK0302 | Rubella IgM CLIA Microparticles | 100T | 225 | 22500 |
| CMK0402 | HSV-1 IgM CLIA Microparticles | 100T | 225 | 22500 |
| CMK0502 | HSV-2 IgM CLIA Microparticles | 100T | 225 | 22500 |
| CMK0602 | Toxo IgG CLIA Microparticles | 100T | 225 | 22500 |
| CMK0702 | CMV IgG CLIA Microparticles | 100T | 225 | 22500 |
| CMK0802 | Rubella IgG CLIA Microparticles | 100T | 225 | 22500 |
| CMK0902 | HSV-1 IgG CLIA Microparticles | 100T | 225 | 22500 |
| CMK1002 | HSV-2 IgG CLIA Microparticles | 100T | 225 | 22500 |
| CMD0102 | Aldosterone CLIA Microparticles | 100T | 450 | 45000 |
| CMD0202 | ACTH CLIA Microparticles | 100T | 640 | 64000 |
| CMD0302 | Cortisol CLIA Microparticles | 100T | 390 | 39000 |
| CMD0402 | Renin CLIA Microparticles | 100T | 590 | 59000 |
| CMD0502 | Angiotensin II CLIA Microparticles | 100T | 590 | 59000 |
| Reference Number | Product Name | Specification | Cost per test | |
| CME0102 | T3 CLIA Microparticles | 100T | 110 | 11000 |
| CME0202 | T4 CLIA Microparticles | 100T | 110 | 11000 |
| CME0302 | TSH CLIA Microparticles | 100T | 110 | 11000 |
| CME0402 | FT3 CLIA Microparticles | 100T | 110 | 11000 |
| CME0502 | FT4 CLIA Microparticles | 100T | 110 | 11000 |
| CME0602 | Anti-TG CLIA Microparticles | 100T | 350 | 35000 |
| CME0702 | Anti-TPO CLIA Microparticles | 100T | 350 | 35000 |
| CME0802 | TG CLIA Microparticles | 100T | 350 | 35000 |
| CME0902 | PTH CLIA Microparticles | 100T | 450 | 45000 |
| CMF0102 | LH CLIA Microparticles | 100T | 350 | 35000 |
| CMF0202 | FSH CLIA Microparticles | 100T | 350 | 35000 |
| CMF0302 | PRL CLIA Microparticles | 100T | 350 | 35000 |
| CMF0402 | Testosterone CLIA Microparticles | 100T | 350 | 35000 |
| CMF0502 | E2 CLIA Microparticles | 100T | 350 | 35000 |
| CMF0602 | PRG CLIA Microparticles | 100T | 350 | 35000 |
| CMG0102 | Insulin CLIA Microparticles | 100T | 650 | 65000 |
| CMG0202 | C-Peptide CLIA Microparticles | 100T | 650 | 65000 |
| CMH0102 | MYO CLIA Microparticles | 100T | 295 | 29500 |
| CMH0202 | cTnI CLIA Microparticles | 100T | 350 | 35000 |
| CMH0302 | CK-MB CLIA Microparticles | 100T | 280 | 28000 |
| CMH0402 | NT-proBNP CLIA Microparticles | 100T | 790 | 79000 |
| CML0102 | IGF-1 CLIA Microparticles | 100T | 750 | 75000 |
| CML0202 | HGH CLIA Microparticles | 100T | 750 | 75000 |
| CMM0102 | PIIINP CLIA Microparticles | 100T | 560 | 56000 |
| CMM0202 | Col IV CLIA Microparticles | 100T | 560 | 56000 |
| CMM0302 | LN CLIA Microparticles | 100T | 560 | 56000 |
| CMM0402 | HA CLIA Microparticles | 100T | 560 | 56000 |
| CMN0102 | f-β- HCG CLIA Microparticles | 100T | 380 | 38000 |
| CMN0202 | P-AFP CLIA Microparticles | 100T | 550 | 55000 |
| CMN0302 | β- HCG CLIA Microparticles | 100T | 550 | 55000 |
| CMN0402 | uE3 CLIA Microparticles | 100T | 690 | 69000 |
| CMN0502 | PAPP-A CLIA Microparticles | 100T | 1500 | 150000 |
| CMR0102 | HS-CRP CLIA Microparticles | 100T | 300 | 30000 |
| | Total Ige | 100T | 350 | 35000 |
| CMR0202 | PCT CLIA Microparticles | 100T | 1000 | 100000 |
| | FOLATE Microparticles | 100T | 380 | 38000 |
| | B12 Microparticles | 100T | 450 | 45000 |
| | VD Microparticles | 100T | 800 | 80000 |
| | AMH Microparticles | 100T | 1150 | 115000 |
| | TB IGRA | 28 T | 1750 | 49000 |
| | Calibrator | Set | 4000 | 4000 |
| | QC (Level1+Level2) | Set | 7000 | 7000 |

COMMON CONSUMABLES

| Reference Number | Product Name | Specification | Rate | Pack Rate |
|---|---|---|---|---|
| CM3001-1 | Chemiluminisent Substrate A | 110 ml | 16000 | 16000 |
| CM3001-1 | Chemiluminisent Substrate B | 110 ml | 16000 | 16000 |
| CM3002 | Diluent Universal | 250 ml | 15000 | 15000 |
| CM3003 | Wash Buffer | 500 ml | 15000 | 15000 |
| T1004-3 | System Wash | 25mlx12 vials | 28000 | 28000 |
| CM00501 | Sample Cup | 500 pcs | 25 | 12500 |
| T1004-1 | Reaction Vessel | 1000 pcs | 10000 | 10000 |

**Axis Medibiz Pvt. Ltd.**

Yashitole, Imadole, Lalitpur, Nepal



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक ३४० चैत २७ गते २०७९ मा प्रकाशित IMPERIAL OVERSEAS PVT.LTD को Lot No. 243081 को As you Like Cafeteria कम्पनीको विज्ञापनमा **कामदारको संख्यामा** Labourer-2, Driver-1 तथा Labourer को मासिक तलब ने.रु.३५,९७५ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-014585530, Fax : +977-1-4485522, Email: imperialovs2009@gmail.com, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## मोटरसाइकल हराएको सूचना

मिति २०७९/१२/१७ गते निम्न विवरणको Bajaj Pulsar 220CC Model को रातो, कालो रङको मोटरसाइकल का.म.न.पा.वडा नं.१६, माछापोखरीको नबिल बैंक भएको घरबाट पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनीको नाम : दिनेश वोहोरा
बाइक नं.: बा.प्र -०२-०३७ प ७२९९
च्यासिस नं.: MD2A13EXXNCL82871
इन्जिन नं. : DKXCNL37093
ठेगाना: लिखु, तामाकोशी गा.पा.७, रामेछाप
मो. : 9844440317



नेपाल सरकार
दावी विरोध सम्बन्धी
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री सुनेरा नेपाल रिक्रुटमेन्ट प्रा.लि.**(ई.प.नं.१२२२) ले यस विभाग समक्ष ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०७९/१२/२० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७६/०१/१२ मा दर्ता भएको प्रा.लि. नं. २१३७९३ को **लक्की वासिङ्ग सेन्टर प्रा.लि.**नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको लागि यो सूचना सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## कम्पनी खारेज सम्बन्धी लिक्वीडेटरको सार्वजनिक सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६६/११/१८मा दर्ता भएको प्रा.लि.नं. ७०९३० को **मिशन प्रिन्टर्स एण्ड मिडिया प्रा.लि**.को मिति २०७९/१२/२१मा बसेको बिशेष साधारण सभाले स्वैच्छिक रूपमा कम्पनी खारेजी (लिक्वीडेसन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही,कसैको कुनै बाँकी बक्यौता, ऋण दायित्व वा लेनदेन बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हक दाबी गर्न तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा ब्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तान गरि बाँकी जायजेथा सेयरधनीहरूलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने ब्याहोरा समेत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**अधिबक्ता पूर्ण प्रसाद पराजुली**
**दामासाही व्यावसायी इजाजत नं. ३८३**
**का.म.न.पा. वडा नं. २९ अनामनगर, काठमाण्डौ**
**मोवाईल नं. ९८५१०२६३३२**



## सूचना

**प्रकाशित मिति : २०७९।१२।२८**

माननीय प्रदेश सभा सदस्य श्री मनिष कुमार सुमनज्यूको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत सप्तरी जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नं २ (ख) मा **गरीब तथा विपन्न परिवारका महिलाहरुको लागी जिविकोपार्जन तालिम** संचालन गर्न सरोकारवालाहरुबाट राय सल्लाह तथा सुझाव लिने तथा उपभोक्ता समितिको गठन गर्ने उद्देश्यले मिति २०८०/०१/०४ गते सोमबारका दिन राजविराज वडा नं. २ स्थित चित्रगुप्त मंदिरको प्रांगनमा दिनको ३ बजे बैठक बस्ने भएकोले उपस्थितिको लागी सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**(आयोजक समिति)**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : 89 SWEETS & PASTRIES CO

पूर्व स्वीकृति मिति: २०७९/१२/२७ | LT No.284515 | चलानी नं: ६०१९९८२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/kitchen utensils | 16 | 0 | 110 | ४६,९०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chocolate Maker | 5 | 0 | 170 | ७२,४८५ | | | | | | | |
| 3 | Cashier | 4 | 0 | 150 | ६३,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# युवा शक्तिलाई स्वदेशमै रोकौं

मुलुक आर्थिक संकटको भूमरीमा फस्दै गइरहेको अभिव्यक्ति यतिखेर अर्थविद्हरूले सार्वजनिक गर्न थालेका छन् । यद्यपि, अर्थविज्ञ भनिएकाहरू नै कतिपय कुरामा विभाजित हुने गरेका छन् । मुलुक कसरी आर्थिक संकटको भूमरीमा फस्दै छ र त्यसबाट कसरी जोगिने भन्ने कुरा प्रस्टसँग अर्थविद्हरूले खुलाउन चाहँदैनन् । कागजी प्रमाणपत्रका आधारमा आफूलाई विज्ञ भनाउनेहरू पनि बजारमा छन् । त्यस्ता विज्ञहरूबाट राज्यले आशा गर्नुपर्ने हिजोको जुन परम्परा थियो अहिले पनि त्यसमा नै भुलिरहेको स्पष्ट देख्न सकिन्छ ।

हरेक दिन मुलुक परनिर्भरतातिर दौडिरहेको छ । मुलुकले निर्यातयोग्य वस्तु उत्पादन गर्न नसकेकाले पनि नेपाल राष्ट्र बैंकसँग डलर सञ्चिति पर्याप्त हुन नसकेको हो । बरु रेमिटचान्सबाट आएको डलरलाई पनि दैनिक उपभोग्य सामग्री खरिदका लागि नै खर्चिनुपर्ने वाध्यता छ । त्यत्तिमात्र होइन श्रम गरेर श्रमिकहरूले पठाएको रेमिटचान्सले डलरलाई शिक्षाको नाममा वा पिआर र ग्रिनकार्ड पाएकाहरू बाबुआमालाई घरजग्गा बिक्री गरेर भए पनि विदेश पैसा पठाउन भनिरहेका छन् र भइरहेको पनि त्यही नै छ ।

नेपाल राष्ट्र बैंकले शिक्षाका लागि हरेक महिना विदेश जानेहरूलाई वा अन्य प्रयोजन खुलाएर विदेश जानेहरूलाई कति डलर पठाइरहेको छ भन्ने तथ्यांक सार्वजनिक गर्न सकिरहेको छैन । नेपालले आफ्नै देशभित्र उत्पादन गर्न सक्ने खाद्यवस्तुसमेत उत्पादन गर्न नसक्दा त्यही डलरबाटै खरिद गरिरहेको यथार्थता छ । राष्ट्र बैंककै भनाइलाई पत्याइदिने हो भने पनि नेपालमा डलर अभाव भएको छ । डलर अभावकै कारण मुलुकको अर्थतन्त्र क्रमशः खस्कँदै गइरहेको छ । जब डलर मुलुकमा रित्तिँदै जान्छ तब मुलुक आर्थिक संकटको भूमरीमा पर्ने संकेत पनि हो ।

जुन मुलुकले विदेशी मुद्रा सञ्चित गर्न सफल हुन्छ त्यो देशमा आर्थिक संकटको सम्भावना निकै नै कम हुन्छ । तर, नेपालमा रेमिटचान्सको माध्यमबाट भित्रचाएको डलरसमेत अनावश्यक काममा बाहिरिने गरेको छ । सरकारले विदेशी मुद्रा आर्जन गर्न सक्ने सयौं योजना हुँदाहुँदै पनि गर्न सकिरहेको छैन । युवा श्रमशक्ति विदेश पठाएर मात्र मुलुक बलियो हुँदैन । बरु त्यसले देशलाई खण्डीकृत बनाउँछ । मुलुकलाई साँच्चिकै समृद्ध बनाउने हो भने युवा जनशक्तिलाई विदेश होइन विभिन्न सेवा दिएर भए पनि उत्पादनमूलक कार्यमा संलग्न गराउनुपर्दछ ।

युवा जनशक्तिलाई उत्पादनसँग जोड्ने हो र नेपालमा उत्पादित पदार्थ विदेश निर्यात गर्ने हो भने मुलुक कहिल्यै आर्थिक संकटमा पर्दैन । तर, नेपाल सरकारले न प्रजातन्त्र प्राप्तिपछाडि त्यसलाई अवलम्बन गर्न सक्यो । न त गणतन्त्र आइसकेपछि नै त्यसलाई कार्यान्वयन गर्न सक्यो । उत्पादनमा जोड दिन नसक्दा र भएका स्रोत साधनलाई प्रयोग गरी निर्यात गर्न नसकेका कारण पनि मुलुक आर्थिक संकटको भूमरीमा फस्दै गइरहेकोतर्फ सचेत हुन जरुरी छ ।

## मननयोग्य

### विदुर नीति

यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ । वास्तवमा यमराज ज्यादै नैं सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन् ।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ । उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन् । उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसंग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलाबखतमा सम्झाइरहने पनि गर्दथे । आफू पनि मन, वचन र कर्मले भगवान्को भक्त थिए अनि आफ्ना काममा सहयोगी दूतहरूलाई पनि यस्तै किसिमका शिक्षाहरू दिने गर्दथे। धर्मराजले दूतलाई सम्झाउँदै भनेका थिए-

'हे दूत हो ! जुन मनुष्यको जिब्रोले भगवान्को पवित्र गुण, लीला र नामहरू बोल्दैन, अनि मनले भगवान्को पाउनको स्मरणसम्म पनि गर्दैन' जसको मस्तक भगवान् र उनका भक्तहरूलाई देख्ता एकछिन पनि नुहुदैन, भगवान्को सत्यस्वरूपबाट आफू टाढा रहने गर्दछन् । त्यस्तालाई तिमीहरूले भयङ्कर नरकको बाटो (दक्षिणपन्थ) बाट यमराजको सामुन्ने उपस्थित गराने गर्नू ।' क्रमशः

# लिंग पहिचानको असर जनगणनामा

▶▶ शरद् शर्मा

सरकारले सुरक्षित गर्भपतनलाई कानुनी मान्यता दिएको छ । तर, यही कानुनी मान्यताबाट फाइदा उठाउँदै भ्रुण पहिचान गरी छोरी भएमा भ्रुण हत्या गर्ने गरिएको पाइएको छ । गर्भमा नै लिंग पहिचान गर्ने र छोरी भए गर्भपतन गराउने तथा छोरालाई जन्मिन दिने गर्नाले यसको असर राष्ट्रिय जनगणनामा पनि देखिएको हो ।

लिंग पहिचान गरेर छोरीको हत्या गरेपछि नेपालमा छोरी छोराको तुलनामा कम जन्मिने गरेको विभिन्न तथ्यांकले देखाएको छ । हालै सार्वजनिक गरिएको राष्ट्रिय जनगणनामा लिंग पहिचान गरेर गरिने गर्भपतनको प्रभाव परेको देखिन्छ । जनगणनामा नेपालमा छोरीभन्दा छोरा बढी जन्मिएको पाइएको छ । समाजमा छोराप्रतिको बढ्दो चाहना र महिलालाई गरिने विभेद्पूर्ण व्यवहारका कारणले छोरो जन्माउने गर्दछन् ।

जनगणनाअनुसार चार लाख १२ हजार ९३५ जना जन्मिएका बच्चा जन्मिएकामध्ये दुई लाख १८ हजार ७४ जना छोरा (५२.८ प्रतिशत) र एक लाख ९४ हजार ८६१ छोरी (४७.३ प्रतिशत) जन्मिएका छन् । यसरी छोराहरू जन्मिने क्रम

> छोरा जन्माउनकै लागि महिलाले पटक-पटक गर्भधारण गर्नुपर्ने बाध्यताले महिला र बच्चाको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै लैंगिक हिंसासमेत वृद्धि हुने देखिन्छ । लिंग पहिचान गरी गरिने गर्भपतनका कारणले भविष्यमा महिलाको संख्यामा कमी हुन गई जन्मदर र मृत्युदरमा असन्तुलन हुनसक्ने देखिने अध्ययनले देखाएको छ ।

बढेको र छोरी घटिरहेका छन् ।

नेपालमा सामान्यता १०५/१०६ जना छोरा जन्मँदा १०० जना छोरी जन्मिने गर्दछन् । तर, त्योभन्दा पनि अस्वाभाविकरूपमा छोराहरूको संख्या वृद्धि भइरहेको विभिन्न अध्ययनले देखाएको छ । छोरीभन्दा छोरालाई उच्च प्राथमिकता दिने पितृसत्तात्मक मान्यता भएको र सोहीअनुरूप छोरीभन्दा छोरा जन्माउने चाहना राख्ने भएको पाइन्छ ।

नेपालमा १२ जिल्लामा गरिएको अध्ययनमा १०० जना छोरी जन्मिँदा ११० भन्दा बढी छोरा जन्मिएको देखाइएको छ । तीमध्ये अर्घाखाँची जिल्लामा त १२७ छोरा बराबर १०० छोरी जन्मिएको अध्ययनमा देखाइएको छ ।

विश्व स्वास्थ्य संगठनको सर्वेक्षणमा सामान्यता १०० जना छोरी जन्मिँदा १०५ जना छोरा जन्म हुनसक्ने बताएको छ । नेपालमा छोराको संख्या बढ्नुमा छोराको चाहनामा लिंग पहिचान गरेर छोरीको गर्भपतन गराउनु, प्रजनन दरमा कमी आउनु र प्रविधिको प्रयोगसँगै लिंग पहिचान गरेर गर्भपतन गराउनु रहेको छ । अहिले लिंग पहिचान गर्न सर्वसाधारणकोसमेत पहुँच रहेको छ ।

सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ र मुलुकी (अपराध संहिता) २०७४ ले लिंग पहिचान गरी गर्भपतनलाई निषेध गरिएको छ । ऐनको दफा १७ मा लिंग पहिचान गरी गर्भपतन गर्न नहुने उल्लेख गरिएको छ । कसैले पनि गर्भमा रहेको भ्रुणको लिंग पहिचान हुने कुनै कार्य गर्न वा गराउन हुँदैन, गर्भवती महिलालाई गर्भको लिंग पहिचान गर्न डर, वा त्रास देखाइ वा करकाप गरी वा धम्की दिई वा ललाइफकाइ वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्याइ वा जोरजुलुम गरी दबाब दिन वा बाध्य पार्न हुँदैन भनी उल्लेख गएिको छ ।

लिंग पहिचान गरी गर्भपतन गराउनलाई मुलुकी (अपराध संहिता) २०७४ को १८८ अनुसार कारबाही गर्ने उल्लेख छ । दफाको उपदफा १ मा कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुनसक्छ भन्ने जानीजानी वा विश्वासमा गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन, उपदफा २ मा कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाइफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने उल्लेख गरिएको छ ।

यस्तै दुवै उपदफाअनुसार कसुर गरिएमा १२ हप्तासम्मको गर्भ भए एक वर्ष कैद र १० हजार रूपैयाँ जरिवाना, १२ हप्ताभन्दा बढी २५ हप्ताको गर्भ भए तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँ जरिवाना र २५ हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्मको कैद र ५० हजार रूपैयाँ जरिवाना तोकिएको छ ।

अध्ययनले १०० जना छोरी बराबर भक्तपुरमा १२३ जना छोरा, कास्की ११७ जना छोरा ललितपुर र पाल्पा ११४/११४ जना छोरा, काठमाडौं, कञ्चनपुर र रूपन्देहीमा ११३/११३ जना छोरा, गुल्मी, सप्तरीमा १११/१११ जना छोरा तथा झापा र पर्वतमा ११०/११० जना छोरा जन्मिएको अध्ययनले देखाएको छ ।

परोपकार स्त्रीरोग तथा प्रसूति अस्पतालका निर्देशक डा पवनजंग रायमाझी लिंग पहिचान गरेर गर्भपतन गराउनेलाई कानुनी दायरामा ल्याउनुपर्ने बताउँछन् । उनका अनुसार कानुनले मान्यता दिएको अवस्थामाबाहेक गर्भपतन गराउनेलाई कारबाही गर्नुपर्दछ । संघ, प्रदेश र स्थानीय तहले पनि गर्भपतन गराउनेमाथि नियमन र अनुगमन गर्न आवश्यक रहेको छ ।

उनले छोराछोरी दुवै समान हुन् भन्ने सचेतना फैलाउन आवश्यक रहेको भन्दै लिंग पहिचान गरेर गर्भपतन गराउन समूहलाई निरुत्साहित गर्नुपर्ने बताए । उनले निजीरूपामा खोलिएका स्वास्थ्य संस्थामा कानुनविपरीत गर्भपतन गराउने सुनिन आएको बताए । त्यस्ता कानुनविपरीत गर्भपतन गराउनलाई निगरानी गर्न आवश्यक रहेको उनको भनाइ छ । डा रायमाझीका अनुसार अस्पतालमा आर्थिक वर्ष २०७८/७९ मा एक हजार २०० जनाले सुरक्षित गर्भपतन गराएका छन् ।

गर्भमा रहेको बच्चाको १२ देखि १४ हप्ताको बीचमा लिंग पहिचान गर्न सकिन्छ । सोही आधारमा नै मानिसले गर्भपतन गराउने गर्दछन् । गर्भपतनले महिलाले पटक-पटक गर्भधारण गर्नुपर्ने बाध्यताले महिला र बच्चाको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै महिलाको स्वेच्छाले बच्चा जन्माउन पाउने अधिकारको हनन् भई लैंगिक हिंसासमेत भोग्नुपरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखाकी वरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत सुनालक्ष्मी कर्मचार्यले समाजमा छोरीभन्दा छोरालाई समाजमा बढी महत्त्व दिनाले छोराको चाहना बढी भएको बताउँछन् । 'हाम्रो समाजमा अझै पनि छोरा नै चाहिने गछ,' उनले भने, 'गर्भमा नै छोरा वा छोरी छुट्याएर छोरी भए गर्भपतन गराउने गर्दछन् । यसले गर्दा छोरीको संख्यामा कमी आएको हो ।' गर्भमा नै छोरी भएपछि गर्भपतन गराउने भएकाले छोराको संख्या छोरीकोभन्दा बढी भइरहेको छ ।

पहिलो बच्चा जन्मँदा लिंग पहिचान नगरे पनि दोस्रो बच्चा जन्माउँदा लिंग पहिचान गर्ने गरेको छन् । पहिलो बच्चा जन्मँदा फरक हुँदैन । पहिलो बच्चा छोरा छ भने फरक नपर्न सक्छ । तर, दोस्रो बच्चामा लिंग पहिचान गर्ने गरेको पाइएको छ । यदि पहिलो बच्चा छोरी छ भने उनीहरूलाई छोराको चाहना हुन्छ । त्यसैले उनीहरूले लिंग पहिचान गर्ने नै देखिएको छ ।

सरकारले सुरक्षित गर्भपतनलाई कानुनी मान्यता दिनका लागि सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन ल्याएको छ । उक्त ऐनमा दफा १५ मा सुरक्षित गर्भपतन गर्न पाउने व्यवस्थाअनुसार विभिन्न पाँच वटा अवस्थामा गर्भपतन गराउन पाइने उल्लेख छ ।

गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भ, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्नसक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुनसक्छ वा विकलांक बच्चा जन्मन्छ भने चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरीमा २८ हप्तासम्मको गर्भ, जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ २८ हप्तासम्मको गर्भ, रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआइभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको २८ हप्तासम्मका गर्भपतन गराउने सकिने व्यवस्था रहेको छ ।

यस्तै भ्रुणमा कमी कमजोरी भएको कारणले गर्भमै नष्ट हुनसक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रुणमा खराबी रहेको, वंशाणुगत खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको रायले पनि २८ हप्तासम्मको गर्भलाई गर्भपतन गरिने सकिने उल्लेख गरिएको छ । तर, मानिसहरू धेरैजसो गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भलाई गर्भपतन गराउने सक्ने व्यवस्थालाई टेकेर धेरै गर्भपतन गराउने गरेको पाइएको छ ।

छोरा जन्माउनकै लागि महिलाले पटक-पटक गर्भधारण गर्नुपर्ने बाध्यताले महिला र बच्चाको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै लैंगिक हिंसासमेत वृद्धि हुने देखिन्छ । लिंग पहिचान गरी गरिने गर्भपतनका कारणले भविष्यमा महिलाको संख्यामा कमी हुन गई जन्मदर र मृत्युदरमा असन्तुलन हुनसक्ने देखिने अध्ययनले देखाएको छ ।

### सन् २०३० मा लिंग छनोट अन्त्य गर्ने

सरकारले विभेद्पूर्ण लिंग छनोटको अन्त्यका लागि १० वर्षे राष्ट्रिय रणनीति कार्यान्वयनमा ल्याएको छ । सन् २०३० सम्ममा विभेद्पूर्ण लिंग छनोट गर्ने प्रवृत्तिको अन्त्य गरिने रणनीतिको लक्ष्य रहेको छ । कानुनबमोजिमबाहेक लिंग पहिचान गरी गरिने गर्भपतनको विरुद्धमा आवश्यक नीति, योजना र कार्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ ।

समाजमा छोरीको महत्त्वलाई प्रोत्साहन गर्दै लैंगिक सुनिश्चित गर्ने, लिंग पहिचान गरी गरिने गर्भपतनका विरुद्धका सोच र व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउनु र छोरा तथा छोरीको समान महत्त्व स्थापित गर्न किशोर एवं महिला केन्द्रित सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन गरिने उल्लेख गरिएको छ ।

मन्त्रालयकी उपसचिव रोशनी कार्कीले रणनीतिलाई कार्यान्वयन गरिसकेकाले विभेद्पूर्ण लिंग छनोट चाँडै नै अन्त्य गर्ने बताइन् । प्रदेश र स्थानीय तहमा कार्यान्वयनका लागि निर्देशन दिइसकेको उनले बताइन् । 'नेपालजस्तै लिंग पहिचान गरेर छोरी देखिए गर्भपतन गर्ने भियतानाम र जर्जियामा पनि धेरै थियो,' उनले भनिन्, 'त्यहाँ छोरीलाई अवसर प्रदान गर्न थालेपछि अहिले छोराका लागि भनेर गर्भपतन गराउँदैनन् ।' उनले सामाजिकरूपमा छोरासरह छोरीलाई बराबर बनाउन समाजमा प्रचार गर्नु आवश्यक रहेको बताइन् ।

रणनीतिमा लिंग पहिचान कुन-कुन अस्पताल र क्लिनिक भएका छन् त्यसको अनुगमन गरिने उल्लेख भएकाले पनि लिंग पहिचानको अन्त्य गर्न सकिने उनको भनाइ छ । उनले सुरक्षित गर्भपतन गराउने नाममा छोरा वा छोरी के चाहियो भनेर चिकित्सकले पनि सोध्न नहुने बताइन् ।

उपसचिव कार्की मान्यता प्राप्त गर्भपतन केन्द्रका लिंगको पहिचान नगरिने कुरा उल्लेख गर्नुपर्ने बताउँछिन् । 'कानुनले मान्यता दिएको अवस्थामा मात्र गर्भपतन गराउने हो,' उनले भनिन्, 'लिंग पहिचान गरेर रेडियोलोजिस्ट पनि लिंगको छनोट हुँदैन । यहाँ सुरक्षित गर्भपतन गराइन्छ र लिंगको पहिचान गराइन्न भन्ने कुरा गर्भपतन केन्द्रमा लेख्नुपर्ने हुन्छ ।'

रणनीतिमा छोरी जन्मेपछि परिवारलाई भार हुन्छ भन्ने मान्यतामा कमी ल्याउन शिक्षा, बालविवाहको न्यूनीकरण गर्ने, छोरीका लागि शिक्षा र स्वास्थ्यको पहुँचमा सुनिश्चित गर्न विशेष छात्रवृत्तिका साथै स्वास्थ्य बिमा कार्यक्रम लागू गर्ने, स्थानीय तहले लिंग पहिचान गरी गर्भपतन भए/नभएको यकीन गर्न स्वास्थ्यकर्मीको नियमन गर्ने, विभेद्पूर्ण लिंग छनोट एव जबर्जस्ती गर्भपतन गराउन बाध्य पार्नेलाई कानुनी दायरामा ल्याउनेजस्ता कार्यक्रम समेटिने उल्लेख गरिएको छ । *रासस*






# सिंहदबार र बागदरबारको 'कचकच'

कति कचकच गर्छस् ओइ मटचाङ्ग्रा ? भद्रकाली मन्दिरको छेउमा रहेको पुलको सिमेण्टको बारमा १५ केजीको हम्मरले हिर्काउँदै गरेको अधबैंसेको आवाज सुनेपछि लखर-लखर हिँड्दै गरेको म टक्क रोकिएँ । मेरो टाउको फरक्क फर्कियो । अधबैंसे पसिना पुछ्दै पल्लो सिमेण्टको बारका डण्डी निकाल्दै गरेको केटोलाई इशारा गर्दै जंगिदै थिए । म अक्क न वक्क परें । मैले सोचे मलाई नै बोलायो, होइन रहेछ । यो त श्रव्यभ्रम पो रहेछ । म 'डेक' चलिनँ । केटाकेटीमा 'बा'ले सिंहदरबार देखाउन ल्याउँदै भद्रकाली मन्दिर तीन फन्को घुमाएर, त्यही डिलबाट राजा महाराजा बस्ने ठाउँ भनेर देखाएको सिंहदरबार झल्झली सम्झिएँ ।

अनि त्यही पुलकै बाटो 'बा'ले चलाएको भारतमा बनेको बूढो साइकलको अगाडिको डण्डीमा दुवै खुट्टा दायाँ फर्काएर 'टिरिङ टिरिङ' घण्टी आफैंले थिच्दाको रमाइलो अनि खाली बाटो लामो सिंहदरबार अगाडिको पुलमा हिड्दा औधी नै रमाइलो लाग्थ्यो पनि ।

त्यसबेला देखेको त्यही पुलको बाटो कति हिँडियो हिँडियो । सिंहदरबार छिर्न पाए पनि हुन्थ्यो भन्ने मनमा त थियो । तर, देश चलाउन राजामहाराजा प्रधानमन्त्रीले सिंहदरबार रोजेका थिए । त्यस्तो ठाउँमा बस्न सर्वसाधारणका छोराछोरीले के पाउलान् र ? मनमनै राखियो आफ्ना बालाई भनिएन ।

बरु अहिले सिंहदरबार अगाडि पुलको बार भत्काउँदै गरेका अधबैंसेलाई त्यही पुलमुनि बनेको खप्तड कुन्नी केको विवादले जिङरिङ दाह्रा निकाले ठिंग उभिएको कंक्रिटको पिल्लरले जिस्काइरहेको भान भयो । मैले केही पाइला सारें । ३३/३४ वर्ष अघिको त्यही सिंहदरबार, त्यही पुल वरपरको अवस्थामा फरक केही छुट्याउनै सकिनँ । पुलबाट अलि परै भए पनि बागमती नदी देखिन्थे, सानेपाको थुम्कोका घरहरू देखिन्थे अनि उत्तरतर्फबाट हेर्दा गणेश हिमाल सेताम्मै देखिन्थे । अहिले त ती सबै छोपिइसकिएको रहेछ । दक्षिण हेरे पनि कंक्रिटको टावर उत्तरतर्फ हेरे पनि कंक्रिटको टावर ।

मनमनै लाग्यो- हामीले देशमा गतिलै गणतन्त्र ल्याएछौं । बार भत्काउँदै गरेको अधबैंसे अर्को केटोलाई गाली गर्दै थिए । होइन तँ कति अटेरी हो ? भनेको त पटक्कै नमान्ने अहिलेका 'नेता' जस्ता । उसको कुरा सुनेर एक्लै हाँसे । नेता भनेको नागरिकको मनमा कस्तो अनुभूति रहेछ । हुन पनि साँच्चै अटेरी । ४६ सालमा अलिअलि बोल्न पाए भन्थे, त्यहीबेला जनताको साथमा मुसाका रूपमा सिंहदरबार छिरेका अहिले हात्ती भए । जनताको साथ होइन जनतालाई लात हानिरहेका छन् ।

सायद ती अधबैंसेले आफूले कष्ट भोगेकालाई गाली गरेरै भए पनि कसलाई सुनाइरहेका छन् मलाई भान भयो । गणतन्त्रमा आएको छाडातन्त्रले सिंहदबारभित्र बसेर जनता कंगाल बनाउनेबाट के आशा गर्न सकिन्छ र ? त्यही भएर पनि होला अहिले सिंहदरबार र बागदरबारको 'कचकच' सुन्नुपरेको छ ।

आफूलाई शक्तिशाली हैकमी शासक ठान्ने सिंहदरबारले बागदरबारको कुरो सुनेन रे ! त्यही भएर पनि अहिले बागदरबारले २०७२ को संविधानको अधिकारलाई प्रयोग गरेको भन्दै सिंहदरबारलाई पनि आफ्नो शक्ति देखाउने मनसायमा उभिएको छ ।

ऊबेला घरको फोहोरलाई बाहिर फाल्न सिकाउने सिंहदरबारलाई अहिले बागदरबारले घरभित्रको फोहोर घरभित्रै राख भन्न थालेको छ । देशमा भएको अराजकतालाई रोक्न बागदरबारका प्रमुख बालेन्द्रलाई पाइला चाल्नै नदिने रणनीति बनाउने सिंहदरबारलाई रोष व्यक्त गर्नु पनि ठीकै हो ।

सबैको आ-आफ्नो अधिकार होला । जसले सक्छ प्रयोग गर्छ । त्यही भएर पनि सिंदहरबार र बागदबारको कचकच सुन्नुपरेको । बागदरबार सिंहदबार बन्न खोजेको भन्ने मटचाङ्ग्राहरूले आरोप लगाएका पनि छन् । अनि सिंहदरबारका मुसाहरूले बागदबारलाई टेर्दै नटेरेको पनि आरोप मटचाङ्ग्राहरूले नै लगाएका छन् ।

'साँढेको जुधाइ, बाच्छाको मिचाइँ' भनेजस्तै भएको छ अहिले बागदरबार र सिंहदरबारको कचकचले गर्दा । सिंदहरबार छिरेको मुसालाई म सधैँ हात्ती नै हुँ, अरु त जाबो कमिला त हुन् भन्ने भ्रम छ । तर, बागदरबारले पनि के बुझेको होला भने हात्तीलाई त जाबो एउटा कमिलाले नै तह लगाइदिन्छ, म त्यही कमिला हुँ । जसले हात्तीलाई पनि तह लगाउन सक्छ । यो कचकचले नै गर्दा होला अधबैंसेले केटोलाई दनक दिइरहेको छ ।

केटो पनि के कम मुसुमुसु हाँस्दै अधबैंसेलाई गिज्याइरहेको छ । तिमी पनि के नै पो गर्न सक्छौं र ? यत्रा दिन भइसक्यो भत्काउन मात्र लगाउँछौं, बनाउन केही जान्दैनौं । सार्वजनिक जग्गा सकायौं, नदी किरानाका ध्वस्त बनायौं । शिक्षा, स्वास्थ्य, संस्कृति, परम्परा सबै रित्याउनेले के ठूला कुरा गर्छौं । ठूलो छु भन्दैमा तिमीले भनेको मात्र हुन्छ । मैले पनि त तिम्रोभन्दा बढी काम गरिरहेको छु ।

भएभरका युवाहरू विदेश निर्यात गर्ने तिमी ठेकेदारले अर्थतन्त्र नै सिध्याइसक्यो । अझ मलाई पो घुर्की ? सक्छौं तिमी गर होइन भने छाडेर जाऊ बूढा भयौं ।

अधबैंसे रिसाउँछन् । केटो फेरि भन्छ । कस्ता-कस्ता आए गुलेली खेलाए मटचाङ्ग्राको सत्यानाश भनेजस्तै । देशको अर्थतन्त्र ध्वस्त बनाउनेले गाली नगर्दा नै उचित होला । यी दुई सिंहदबारको पर्खाल बनाउँदै छन् कि देश बनाउने जिम्मा लिएका छन् भन्ने कुराको फेहरिस्ता नै चाहियो नि । बागदरबारले चालेका केही कुरालाई नागरिकहरूले स्वास्थ्य साथ समर्थन दिए पनि सिंहदरबारले कहिल्यै दिने प्रयास गरेन । त्यही भएर मध्यरात होस् कि मध्यदिन बागदरबारले हिर्काएको हिर्कायै छ । तर, सिंहदरबारले सुनेको पनि छैन । त्यही सिंहदरबारले नसुनेकै कारण बागदरबार निदाएको भान गरिरहेको सिंहदरबारलाई बारम्बार मटचाङ्ग्राले हिर्काएर भए पनि सिंहदरबार बिउँझाउँदै छन् । बागदरबार र सिंहदबार यसैगरी कचकच गरिहने हो भने समस्या अझ जटिले हने अवस्था छ । अबको बाटो भनेको कर्म गर्ने हो । चाहे सिंदहरबारले सुरु गरोस् वा बागदरबारले गरोस् । जनताले दुःख कष्ट नपाओस् ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# डढेलो नियन्त्रणमा नआउँदा बस्ती जोखिम

**फुङ्लिङ–** ताप्लेजुङको फुङ्लिङ नगरपालिका-८ ढुसेनी क्षेत्रमा गत शनिबार लागेको डढेलो अझै नियन्त्रणमा आएको छैन । तीन दिनसम्म पनि नियन्त्रणमा नआएसँगै बस्ती नजिकै आइपुगेकाले गाउँ जोखिममा पर्दै गएको छ ।

सुक्खा क्षेत्र हावाहरी चल्ने भएकाले अझ गाउँ जोखिममा परेको स्थानीय हरिप्रसाद नेपालले बताए । उनले सोमबार भने, 'डढेलो लागेको आज तीन दिन भएको, कसले लगाएको थाहा छैन । आज भने डढेलो गाउँ नजिकै आइपुगेको छ । गाउँलेहरूले गाउँ जोगाउने प्रयास गरिहेका छन् ।'

माथि बस्ती रहेको छ भने तल सुक्खा वनमा ढडेलो लाग्दै बस्तीतिर आउन थालेको स्थानीयवासीको भनाइ छ। बस्तीमा प्रायःजसो खरको छानो भएको घर धेरै भएकाले आगलागीको बढी जोखिम भएको फुङ्लिङ नगरपालिका-८ का वडा सदस्य भुपिन्द्र मगरले बताए । उनले भने, 'हिजो दिउँसो नगरपालिकाको दमकलको सहायताले डढेलो नियन्त्रण गर्ने प्रयास गरौं र मेची राजमार्गदेखि माथि जान दिएनौं । तर, तल जंगलमा भने दमकल जान सकेन ।' वडा सदस्य मगरका अनुसार १५ घर जति डढेलोको जोखिम परेको छ ।

यस क्षेत्रमा प्रायः प्रत्येक वर्ष डढेलो लाग्दै आएको स्थानीयवासीको भनाइ छ । आगलागी भएको जंगल राष्ट्रिय वन क्षेत्र पर्ने गुरुङले बताए । आगलागी भएको वनमा धेरै जसो साख्वाको, साललगायत रूख रहेको वडा सदस्य मगरले बताए । मेची राजमार्गको नजिक भएको डढेलो नगरपालिकाले दमकल प्रयोग गरेर नियन्त्रणमा लिए पनि राजमार्गदेखि तलका क्षेत्रमा भएको डढेलो भने नियन्त्रणमा लिन नसकेको मगरले बताए ।

वन, जंगलमा आगलागी हुनाले जनधनको क्षति मात्र नभएर, यहाँ रहेका, लोप हुन लागेका प्रजाति सधैंका लागि विलुप्त हुने र यसले गर्दा पर्यावरणलाई नै असर पुऱ्याउने जैविक विविधता क्षेत्रमा लामो समय काम गर्दै आएका हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईले बताए ।

राईका अनुसार ठूला जीवजन्तुहरू आगलागी हुँदा बच्न सक्ने सम्भावना धेरै रहे पनि तिनीहरूका बच्चा, स-साना घस्रने, झाडी, खर बारीजस्ता ठाउँहरूमा आफ्नो सम्पूर्ण जीवन व्यथित गर्ने प्राणीहरू सधैंका लागि हामीबाट टाढा हुने स्थिति सिर्जना हुने गरेको छ । *रासस*

# एसइईमा उत्कृष्ट नतिजा ल्याउनेलाई पुरस्कारको घोषणा

**बेनी–** म्याग्दीको रघुगंगा गाउँपालिका-२ र ३ नम्बर वडामा रहेका तीन वटा माध्यमिक विद्यालयबाट एसइई परीक्षामा सहभागी भई उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कारको घोषणा गरिएको छ ।

सिंगापुर पुलिसबाट सेवानिवृत रघुगंगा गाउँपालिका-३ पिप्लेको घोटडाँडा घर भई हाल काठमाडौं बसोबास गर्दै आएका कमल शाहीले यस वर्षको एसइईमा 'ए' प्लस र 'ए' ग्रेड ल्याउने विद्यार्थीलाई नगद पुरस्कार दिने घोषणा गरेका हुन् ।

पिप्लेमा रहेको रघुगंगा मावि, मौवाफाँटमा रहेको ज्ञानोदय मावि र भगवतीमा रहेको मुक्तिधाम माविबाट यस वर्षको एसइईमा सहभागी विद्यार्थीमध्ये 'ए' प्लस ल्याउने विद्यार्थीलाई जनही १० हजार रूपैयाँ र 'ए' ग्रेड ल्याउन सफल हुने विद्यार्थीलाई जनही पाँच हजार रूपैयाँ नगद पुरस्कार दिने घोषणा गरेका छन् ।

यस वर्षको एसइई परीक्षामा रघुगंगा माविबाट २५ जना, मुक्तिधाम माविबाट ७१ जना र ज्ञानोदय माविबाट १९ परीक्षार्थी सहभागी छन् ।

शाहीले यसअघि रघुगंगा माविमा आफ्नो दिवंगत बुबा देवबहादुर शाहीको स्मृतिमा पाँच लाख ५५ हजार ५५५ रूपैयाँको अक्षयकोष स्थापना गरेका छन् भने यस क्षेत्रको सामाजिक कार्यमासमेत सहयोग गर्दै आएको छ । *रासस*

# कर्णाली सरकारबाट एमालेको समर्थन फिर्ता

**कर्णाली (प्रस)–** नेकपा एमालेले कर्णाली प्रदेश सरकारबाट बाहिरि एसँगै सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्मासमक्ष आइतबार आर्थिक मामिला तथा योजनामन्त्री विनोदकुमार शाह, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जीतबहादुर मल्ल र सामाजिक विकासमन्त्री टेकराज पछाईले संयुक्तरूपमा राजीनामा बुझाएका थिए ।

सोमबार नेकपा एमाले कर्णाली प्रदेशसभा दलका नेता यामलाल कँडेलले प्रदेश सरकारबाट आफ्नो दलले समर्थन फिर्ता लिएको प्रदेश प्रमुखलाई जानकारी गराएका थिए । गत पुस २७ गते एमालेले नेकपा माओवादी केन्द्रका प्रदेशसभा दलका नेता शर्मालाई मुख्यमन्त्री नियुक्तिका लागि समर्थन दिएको थियो ।

एमालेको समर्थनमा मुख्यमन्त्री शर्माले विश्वासको मत लिएका थिए । सरकारबाट एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्रीले पुनःविश्वासको मत लिनुपर्ने भएको छ ।

**नेपाल सरकार**

**दावी विरोध सम्बन्धी**

**वैदेशिक रोजगार विभागको**

**सूचना**

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री माउन्टेन ह्युमन रिसोर्स म्यानेजमन्टे प्रा.लि.**(ई.प.नं.१४५८) ले यस विभाग समक्ष ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०७९/१२/२४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGIC SUITE HOTEL APPARTMENT.

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 279246 | चलानी नं.६०१९४८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 140 | ६०,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Chef | 1 | 0 | 150 | ६४,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )

पूर्व स्वीकृति मिति २०७८/११/१३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 258687 | चलानी नं. ६०१७५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ६०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis II | 5 | 10 | 120 | ५२,०७५ | | | | | | | |
| 3 | Housekeping Attendan | 7 | 4 | 100 | ४३,३९५ | | | | | | | |
| 4 | Kitchen Steward. | 11 | 0 | 100 | ४३,३९५ | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ८६,७९० | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 6 | 120 | ५२,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-35, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REEM ARRAK IBNHAMSAH PASTRY FACTORY

पुर्व स्वीकृति मिति २०७९/१२/२७ | LT No.284408 | चलानी नं.६०१९९७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 3 | 0 | 1400 | ४८,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**

Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone:

(+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NS ADVANCE SERVICES

पूर्व स्वीकृति मिति : २०७९/१२/२६ | LT . No.284358 | चलानी नं. ६०१९९७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farming | 10 | 0 | 1500 | ४४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४३५/०६०/०६१

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAMOUD MOHAMAD MIYAH SOBAIEE AL ANZI GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 279874 | चलानी नं. ६०१९५४९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 4 | 0 | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HUSSAIN AL HABABI TRADING COMPANY

पुर्व स्वीकृति मिति २०७९/१२/२७ | LT No.284371 | चलानी नं. ६०१९९८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 15 | 0 | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAUAH JASSIM AL AASHOUR CARPENTRY WORKSHOP

पुर्व स्वीकृति मिति २०७९/१२/२७ | LT No.284256 | चलानी नं. ६०१९९८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 1200 | ४१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET

श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HADI HAMAD AL HAMMAM MARINE SERVICES

पुर्व स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 284381 | चलानी नं. ६०१९९७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 9 | 0 | 1300 | ४५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036

Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com

/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम ईजाजत नं. ८२०/०६६/०६७



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEASON CONFECTIONARY & BAKERY SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 276008 | चलानी नं. ६०१९१६५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 19 | 10 | 1500 | ४४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FITSON SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 268974 | चलानी नं. ६०१८४८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 10 | 1500 | ४४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MSP PET INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 271472 | चलानी नं. ६०१८७४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 31 | 1 | 1500 | ४४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD

Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGENT PALACE HOTEL LLC

पूर्व स्वीकृति मिति २०७८/०९/११ | पुनः विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 254704 | चलानी नं.६०१७४९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 1 | 1200 | ४३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 11 | 0 | 1200 | ४३,५८० | | | | | | | |
| 3 | Tailor | 2 | 0 | 1500 | ५४,४७५ | | | | | | | |
| 4 | Barman | 8 | 0 | 1500 | ५४,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख ५ गते (17th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955

Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,

indigo.recp@gmail.com, Website : www.ioplneoal.com

# प्रभाव दैनिक





## १९ दिनमा सकियो 'जाँड' को छायांकन

राजु शाह (राजेन्द्र) को निर्देशन रहेको फिल्म 'जाँड' को छायांकन सकिएको छ । १९ दिनको लगातार छायांकनपछि फिल्म आइतबार सकिएको निर्देशक शाहले बताए । '२२ दिनको छायांकन सेड्युलसहित सुरू भएको फिल्म १९ दिनमै सकिएको छ' निर्देशक शाहले भने 'मौसम र कलाकारले राम्रो साथ दिएका कारण निर्धारित समय अगाडि सकियो ।' फिल्मको सोमबारबाट सम्पादन सुरु हुने र छिट्टै रिलिज गर्ने योजना रहेको शाहले सुनाए । गत निफ फिल्म फेस्टिभलमा शुभ-मुर्हूत गर्दै छायांकनमा निस्किएको फिल्म नगरकोटको आसपासका स्थानमा खिचिएको छ । राजेन्द्र भट्टको निर्माण रहेको फिल्ममा सानबी खतिवडा, पदम गुरूङ र कमला दाहालको मुख्य भूमिका छ । सानबी, पदम र कमलाको अलवा फिल्ममा मन्जु श्रेष्ठ, सुवास गजुरेल, लक्ष्मी तिमिल्सेना लगायतको अभिनय समेटिएको छ ।




मंगलबार, २८ चैत २०७९ (Tuesday, April 11, 2023)


# 'प्रसाद २' प्रदर्शनको बाटो खुल्यो



**काठमाडौं (प्रस)**– उच्च अदालत पाटनले चलचित्र 'प्रसाद २' को प्रदर्शन रोक्न दिएको अल्पकालीन आदेश खारेज भएको छ । गत चैत २१ मा जारी गरेको निषेधाज्ञाको विषयमा सोमबार भएको सुनुवाइमा न्यायाधीशद्वय राजेन्द्र खरेल र विमल सुवेदीको संयुक्त इजलासले अन्तरिम आदेश जारी नहुने आदेश दिएको छ । यो आदेशसँगै चलचित्रको प्रदर्शन गर्ने बाटो खुलेको छ ।

अदालतले दिएको आदेशमा चलचित्र निर्माण गर्न इजाजत प्राप्त कम्पनी सुलभ थापा प्रोडक्सन प्रालिले प्राप्त गरेको र निवेदकसँग कुनै सम्बन्ध नदेखिको हुँदा निर्माण भइसकेको चलचित्र प्रदर्शन रोक्नु सुविधा सन्तुलनको दृष्टिले उपयुक्त नदेखिएकाले जारी गरिएको अल्पकालीन आदेश जारी नहुने उल्लेख गरिएको छ । उच्च अदालतकी प्रवक्ता मन्दिरा शाहीले चलचित्र प्रदर्शन हुने बाटो खुलेको जानकारी दिए । गत चैत २१ गते व्यवसायी केशव पाण्डेले आफ्नो ९० प्रतिशत स्वामित्व रहेको चलचित्र १० प्रतिशत स्वामित्व रहेका निर्माता सुभाष थापाले बिना अनुमति रिलिज गर्न लागेको भन्दै तत्काल प्रदर्शन रोक्न रिट हालेपछि गत चैत २४ मा प्रदर्शन तय भएको चलचित्र 'प्रसाद-२' प्रदर्शन रोकिएको थियो ।

# चौधरीको बाल कविता संग्रह 'आहाना'




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कवि तथा गीतकार बसन्त चौधरीले आफ्नी नातिनी आहाना शाक्य (चौधरी) को जन्मदिनको अवसर पारेर बालकविता संग्रह 'आहाना' सार्वजनिक गरेका छन् ।

आइतबार ललितपुरको खुमलटारस्थित प्रिमियमर इन्टरनेशनल स्कूलको सभाहलमा आयोजित एक समारोहबीच बालकविता संग्रह 'आहाना' विमोचन गरिएको हो ।

कवि चौधरी, उनी छोरी मेघा चौधरी, नातिनी आहाना शाक्य (चौधरी), आहानाका बुवा पारस शाक्य र बालबालिकाहरूले बालकविता संग्रह सामूहिक लोकार्पण गरेका थिए ।

चौधरीले आफ्नो साहित्यिक जीवनकै पहिलो बालकविता संग्रह प्रकाशन गरेका हुन्। यसअघि उनका २० वटाभन्दा बढी कविता तथा गीत संग्रह प्रकाशित भइसकेका छन् ।

बालकविता संग्रह नेपाली र अंग्रेजी दुवै भाषामा उपलब्ध छ । 'कोपिला किताब' ले प्रकाशन गरेको आहानामा चौधरीका ५६ वटा बालकविताहरू समेटिएका छन्। प्रत्येक कवितासँगै कलाकार भानु भट्टराईले तयार पारेको आकर्षक चित्रांकन समेत समेटिएको छ ।

चौधरीले आफूले आफ्नो नातिनी आहानाको प्रतिबिम्ब भएर कविता संगह तयार पारेको बताए । 'बाल साहित्य मेरो नियमित विधा होइन। यो मेरो पहिलो प्रयास हो। मैले विभिन्न देशको भ्रमण गर्दा त्यहाँ बाल साहित्यले हासिल गरेको उचाइ देख्दा डाह लाग्थ्यो। नेपालमा के कारणले बाल साहित्य पछाडि परेको छ, त्यो बुझ्न सकिरहेको छैन,' उनले भने ।

अनाथ बालगृहका बालबालिकाहरूसँग आहानाको जन्मदिन मनाइएको थियो। ती बालबालिकालाई उनले स्कूल ब्याग समेत वितरण गरेकी थिइन् ।

# बर्दियाली कलाकार समाजमा बिसीकै नेतृत्व

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** बर्दियाली कलाकार समाजको अध्यक्षमा लोक गायक कमल बिसी चुनिएका छन्। समाजको प्रथम साधारण सभाले अध्यक्षमा पुनः बिसीलाई चुनेको हो ।

नेपाली कला, भाषा, साहित्य, गीत, संगीत र संस्कृतिका विविध विधामा क्रियाशील बर्दियाली कलाकर्मीहरूको हकहित र संरक्षणका लागि गठित समाजको साधारण सभाले १७ सदस्यीय कार्यसमिति समेत चयन गरेको छ । जसको उपाध्यक्षमा लोकदोहोरी गायिका पूर्णकला बि.सि., महासचिवमा गायक तथा संगीतकार बिपी. वाग्ले, सचिवमा गायक/संगीतकार आर.के. थारु, कोषाध्यक्षमा गायिका/संचारकर्मी अनिता चलाउने, सह-कोषाध्यक्षमा मोडल अञ्जली अधिकारी रहेका छन् ।

त्यस्तै सदस्यहरूमा मोडेल टिका जैसी, नरेश एम.सी., सन्देश अधिकारी, अभिषेक वाग्ले, अस्मिता पुरी, प्रिजोल भण्डारी, गगन बहादुर सिंह, युद्ध मगर, महिमा कुश्मि, केशब शाही र राजेश थारु चुनिएका छन् ।

समाजको साधारण सभामा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठ चौधरी, पूर्व सिँचाइ मन्त्री सन्जय गौतम, निवर्तमान खानेपानी मन्त्री अब्दुल खान, शान्ति चौधरी नागरिक उन्मुक्ति पाटीकी केन्द्रीय सदस्य सोमति थारु, राष्ट्रिय लोकदोहोरी प्रतिष्ठानका केन्द्रीय महासचिव शिब हमाल लगायतको उपस्थिति रहेको थियो ।

समाजलाई सहयोग पुऱ्याउने विभिन्न व्यक्ति पनि सम्मानित भएको कार्यक्रममा समाजका अध्यक्ष कमल बि.सीले कलाकारका हकहितमा काम गर्न र सुख, दुःखमा साथ दिन समाज हरपल तयार रहेको बताए ।

# भदौ १ मा 'नम्बरी सुन' रिलिज हुने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राजु गिरीको निर्देशित फिल्म 'नम्बरी सुन' भदौ १ गते रिलिज हुने भएको छ । निर्देशक गिरीले फिल्मको रिलिज भदौ १ गते तय भएको जानकारी दिए । गौरव पहारी, नम्रता सापकोटा, सरोज खनाल, राजाराम पौडेल, राजेन्द्र खड्गी, बुद्धि तामाङ, किरण नेपाली, सविन बास्तोला, विनोद न्यौपाने, गीता अधिकारी, मान महर्जन लगायत कलाकारको मुख्य अभिनय रहेको फिल्मका प्रस्तुतकर्ता नारायण खाती हुन् ।

काठमाडौं, लम्जुङ्को भुजुङ्ग गाउँ लगायत देशको विभिन्न स्थानमा छायांकन भएको फिल्ममा प्रस्तुतकर्ता खातीकै कथा रहेको छ । सुवर्ण शिभान्स प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद छ । नम्बरी सुनमा अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, रामजी लामीछाने नृत्य निर्देशक,दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व रहेको छ ।

## रंगशाला

# स्टार सिटी गौरीगंगा गोल्डकपको फाइनलमा

**कैलाली (प्रस)**– कैलालीको स्टार सिटी क्लब तेस्रो सुदूरपश्चिम गौरीगंगा गोल्डकपको फाइनलमा प्रवेश गरेको छ । बाँकेको कोहलपुर रेसिङ सहारा क्लबले श्रम स्वीकृति विनाका तीन जना विदेशी खेलाडी खेलाउन बल प्रयोग गरेपछि आयोजकले उक्त क्लबलाई कारबाही गरेको छ । उक्त क्लबको कारबाहीसँगै स्टार सिटी उपाधि नजिक पुगेको हो ।

सोमबार खेल सुचारु हुनु पूर्व रेसिङ सहाराको टिमले तीन जना विदेशी खेलाडी समावेश गरेर टोली तयार परेको थियो । आयोजकले श्रम स्वीकृति मागदा तीनै जनाको कागजात उपलब्ध गराउन सकेन ।

क्लबको नियमावली विपरीत हुन जाने भन्दै श्रम स्वीकृति विनाका विदेशी खेलाडी नखेलाएर स्वदेशी खेलाडी मात्र खेलाउन आयोजकले माग गरेपछि उल्टै गालीगलौज गरेर बल प्रयोग गर्न खोजेपछि उक्त क्लबलाई कारबाही गरिएको आयोजकले जनाएको छ ।

खेल बहिस्कार गरी मैदान छोडेर जाने टिमलाई ५० हजार जरिवाना सहित कारबाही गरिने क्लबको नियमावली अनुसार रेसिङ सहाराको टिमलाई कारबाही गरिएको आयोजक गौरीगंगा-११ स्पोर्ट्स क्लबका अध्यक्ष दिनेश कलेलले बताए ।

यस अघि क्वाटर फाइनलमा एपिएफसँगको खेलमा उक्त क्लबले स्वदेशी खेलाडी मात्र समावेश गरेर सहभागिता जनाएको थियो ।

दोस्रो सेमिफाइनलमा मङ्गलवार बर्दियाको नव युवा मैत्री भाव एकता समाज क्लब र नवलपरासीको फोर ब्रदर्श एफसी प्रतिस्पर्धा गर्ने छन् । फाइन खेल स्टार सिटी र मङ्गलवारको विजेता टोलीबिच ३० गते बिहीबार हुने छ ।

गौरीगङ्गा-११ स्पोर्टस् क्लबले आयोजना गरेको प्रतियोगिता चैत ३० गते समापन हुने छ । १० टोलीले सहभागिता जनाएको प्रतियोगिताको विजेतालाई ट्रफी सहित नगद ४ लाख र उपविजेतालाई ट्रफी सहित नगद २ लाख पुरस्कार प्रदान गरिने छ । भने सर्वोत्कृष्ट खेलाडीलाई नगद ५० हजार प्रदान गरिने आयोजकले जानकारी दिएको छ ।

**सहिद स्मारक 'ए' डिभिजन लिग**

# मनाङ मर्स्याङ्दी र थ्रीस्टार बराबरीमा



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलमा मनाङ मर्स्याङ्दी क्लब र थ्री स्टार क्लबले रोमान्चक बराबरी खेलेका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार मनाङ र थ्री स्टारले १-१ गोलको बराबरी खेलेको हो । प्रतिस्पर्धात्मक खेलमा सुरुआती अग्रता भने थ्री स्टारले बनाएको थियो । खेलको ७८ औं मिनेटमा सन्तोष शाहुखलले गोल गर्दै थ्री स्टारलाई सुरुआती अग्रता दिलाएका थिए । लाकेन लिम्बुको हेड पासमा पेनाल्टी क्षेत्रभित्र रहेका सन्तोषले उत्कृष्ट गोल गरे ।

सात वर्षपछि थ्री स्टार फर्किएका सन्तोषले पहिलो खेलमै गोल गरेका हुन् । उनी लिगका लागि जापानबाट नेपाल आएका हुन् । तर, खेलको ८४ औं मिनेटमा कोफी टिमोथी कुडोले गोल गर्दै मनाङलाई १-१ गोलको बराबरीमा ल्याए । उनले विशन गुरुङको लामो पासमा हेडमार्फत गोल गरे ।

त्यसबाहेक दुबै टोलीले पाएको अन्य अवसरलाई खेर फालेका थिए । खेलको १२ औं मिनेटमा थ्री स्टारका दिपेश घलेले उपलब्ध गराएको पासमा सन्तोष शाहुखलले पेनाल्टी क्षेत्र भित्रबाट प्रहार गरेको बल मनाङका गोलकिपर तथा कप्तान दीप कार्कीले सहजै आफ्नो नियन्त्रणमा लिए ।

२६ औं मिनेटमा थ्री स्टारका आदित्य शाक्यको प्रहार पोस्टमाथि बाहिरिएको थियो । पहिलो हाफको इन्जुरी समयमा मनाङका कमल थापाको उत्कृष्ट फ्रिकिक थ्री स्टारका गोलकिपर ताहा मोहमदले पन्च गर्दै गोलको खतरा टारेका थिए ।

खेलको ५३ औं मिनेटमा थ्री स्टारका विराज महर्जनको फ्रिकिकमा योगेश गुरुङको फ्री हेडर मनाङका गोलकिपर दीप कार्कीले जोगाए । यस बराबरीसँगै मनाङले ७ खेलमा १५ अंक जोडेको छ । मनाङ शीर्ष स्थानमा रहेको छ । थ्री स्टारले ११ अंक जोडेको छ ।

# बलियो नेपाल कपको उपाधि स्टार क्रिकेट एकेडेमीलाई

**पोखरा (प्रस)**– बलियो नेपाल कप अन्तर एकेडेमी यू-१९ टी-२० क्रिकेट प्रतियोगिताको उपाधि स्टार क्रिकेट एकेडेमीले जितेको छ ।

पोखरा रंगशाला क्रिकेट मैदानमा भएको फाइनलमा कर्णाली एकेडेमीलाई ७ विकेटले हराउँदै स्टार क्रिकेट एकेडेमीले उपाधि जितेको हो ।

टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको कर्णालीले १९.१ ओभरमा आफ्नो सबै विकेट गुमाउँदै केवल ७२ रनको बनाउन सक्यो । कर्णालीका बिराट भण्डारीले २७ बलमा १५ रन बनाए ।

रोशनले व्यक्तिगत १० रन जोडे भने अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन्। स्टारका लागि सुमित पराजुलीले ४ ओभरमा १७ रन खर्चिदैं ३ विकेट लिए । त्यस्तै शुभम खनालले २ तथा कप्तान अम मिश्र, निर्मल गुरुङ र महेश भरले समान १ विकेट लिए ।

७३ रनको लक्ष्य पक्ष्याउँदै जवाफी ब्याटिङ गरेको स्टार क्रिकेट एकेडेमीले उक्त लक्ष्य केबल ९.५ ओभरमा ३ विकेट गुमाउँदै पूरा गऱ्यो । स्टारका लागि ओपनर अनमोलले ३० बलमा २५ रन बनाए भने कप्तान अमर मिश्रले केबल ९ बलमा २२ रन बनाए । विशालले ८ रन र अंकितले अविजित १५ रन बनाए ।

बलिङतर्फ भने कर्णालीका सन्दिप ठकुरी, भरत क्षेत्री र आदित्य शाहले समान १-१ विकेट लिए । प्रतियोगिताको उत्कृष्ट बलर पोखरा क्रिकेट एकेडेमीका प्रदीप अर्याल, उत्कृष्ट ब्याटर विराट सिंह भण्डारी र प्लेयर अफ द सिरिज स्टार क्रिकेट एकेडेमीका कप्तान अमर मिश्र पुरस्कृत भए ।

# ऋचा मेमोरियल क्रिकेटमा एपिएफ र नरपथगञ्ज विजयी

■ **प्रभाव संवाददाता**

**विराटनगर–** प्रथम ऋचा मेमोरियल टी-२० क्रिकेट प्रतियोगितामा विभागीय टोली एपिएफ र भारत बिहारको राहुल ११ नरपथगञ्जले विजय सुरूवात गरेका छन् । पूर्वाञ्चल क्रिकेट एकेडेमीको आयोजनामा विराटनगर जुट मिलको खेल मैदानमा सोमबार भएको उद्घाटन खेलमा नगरपथगन्जले विभागीय टिम नेपाल आर्मीलाई ४ विकेटले निराश बनायो ।

आर्मीले दिएको १२५ रनको लक्ष्य पछ्याएको नरपथगञ्जले १६.४ ओभरमा ६ विकेट गुमाएर भेट्टायो । नरपथगञ्जका रवि रोयले ३० बलमा समान ३ चौका र ३ छक्का प्रहार गरी ४० रन बनाए ।

भानु आन्दले ३३ र अमर चौधरीले २० रनको योगदान दिए । आर्मीका जितेन्द्र मुखिया र आकाश चन्दले समान २-२ तथा सुशान्त विराजले १ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको आर्मीले १७.४ ओभरमा सबै विकेट गुमाएर १२४ रनमा अलआउट भयो । आर्मीका हरी चौहानले ४० बलमा ४ चौका र ६ छकक् प्रहार गरी ६३ रन बनाए । राजेश पुलामीले २६ बलमा ३४ रनको योगदान गरे ।

नरपथगञ्जका श्रवन वर्माले ४ ओभरमा १९ रन खर्चिएर ४ विकेट लिए । रबडा कुमारले २ विकेट लिए । म्यान अफ द म्याच नरपथगञ्जका श्रवन घोषित भए । दोस्रो खेलमा एपिएफले वाईआरसीसी क्रिकेट क्लब विराटनगरलाई ४ विकेटले नै हरायो । ११६ रनको लक्ष्य पछ्याएको एसपीएफले १७.३ ओभरमा ६ विकेटको क्षतिमा भेट्टायो ।

एपिएफका पुरन बिकले २७ र अरुणले २६ रन बनाए । अमरसिंह रौटेलाले २२ रन बनाए । बलिङमा वाईआरसीसीका कमल खत्री र हर्षले समान २ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको वाईआरसिसीले १८. ५ बलमा सबै विकेट गुमाएर ११५ रनमा अलआउट भयो । वाईआरसिसीका अलराउन्डर हर्षले ३० बलमा ४ चौका र २ छक्का प्रहार गरी ४४ रन बनाए ।

एपिएफका दुरन बिकले ३.५ बलमा २६ रन खर्चेर ४ विकेट लिए । अमरसिंह रौटेलाले ३ विकेट लिए ।

अलराउण्ड प्रदर्शन गरेका एपिएफका रौटेल म्यान अफ द म्याच पनि घोषित भए । नेपाल क्रिकेट संघका वरिष्ठ सल्लाहकार एवं पूर्वउपाध्यक्ष नरेश श्रेष्ठले दिवंगत छोरीको नाममा आयोजना गरिएको प्रतियोगिता वैशाख ३ गतेसम्म चल्ने छ र प्रतियोगिता तीन वटा विभागीय टिमसहित ८ वटा टिमको सहभागिता छ ।

प्रतियोगिताका विजेताले १ लाख ५० हजार र उपविजेताले ७५ हजार नगद पुरस्कारसहित ट्रफी पाउनेछन् । त्यसैगरी म्यान अफ द सिरिजले ५० हजार मूल्य बराबरको क्रिकेट किट पाउनेछ ।


**मोटरसाइकल हरायो**

मिति २०७९/११/०५ गते राती घरमा पार्किङ्ग गरी राखेको बा.प्र.०२-०३१ प ७६४६ नं. को १४९CC को FZ मोटरसाइकल Disk Brake र ताला तोडी चोरी भएकाले पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८५१००८२७३ खबर गरिदिनुहोला ।

सवारीधनीः **दधिराम कोइराला**
ठेगानाः **बलेफी गा.पा.-२**
च्यासिस नं: ME1RG4457M0082343
इन्जिन नं.: G3J3E0556693

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नामः **टेकप्रसाद पौडेल**
ठेगाना : **काठमाडौ**
बिमालेख नं.: **१०१०७२०४२**
मोबाइल नं.: **९७५१०५०३२६**

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नामः **रविन मेगाले मगर**
ठेगाना : **काठमाडौ**
बिमालेख नं.: **१०१०७२९६८**
मोबाइल नं.: **९८५१०९४९१२**

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।

नामः **कविता केसी**
ठेगाना : **काठमाडौ**
बिमालेख नं.: **१०१०७२४४४**
मोबाइल नं.: **९८५१०९४९१२**

# दक्षिण चीन सागरमा 'फ्रिडम अफ नेभिगेसन' अभियान चलाएको अमेरिकी दाबी

**वासिंटन–** अमेरिकी नौसेनाले आफ्नो मानव निर्देशित शक्तिशाली क्षेप्यास्त्र (युएसएस मिलियस)ले सोमबार दक्षिण चीन सागरको बेइजिङले दाबी गरेको जलक्षेत्रमा 'फ्रिडम अफ नेभिगेसन' अभियान चलाएको जनाएको छ ।

उक्त अभियानले समुद्रको अधिकार, स्वतन्त्रता र कानुनी प्रयोगलाई समर्थन गरेको अमेरिकी नौसेनाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । अमेरिकाले स्प्राट्ली टापु नजिकको दक्षिण चीन सागरमा नौपरिवहन अधिकार र स्वतन्त्रताको वकालत गरेको थियो । उसले यो अन्तर्राष्ट्रिय कानुनअनुकूल भएको बताएको छ ।

उक्त अपरेसनपछि मिलियसले 'दाबी क्षेत्रबाट अत्यधिक बाहिर निस्केर दक्षिण चीन सागरमा आफ्नो गतिविधि जारी राखेको' बताएको छ । उक्त जहाज ताइवानको मुख्य भूमिको दक्षिणी टुप्पोबाट करिब एक हजार ४०० किलोमिटर (८६० माइल) टाढा मिस्चिफ रीफको १२ नटिकल माइलभित्र पुगेको थियो । चिनियाँ लडाकू विमान र युद्धपोतहरूले ताइवानको वरिपरि तीन दिनको सैन्य अभ्यास गरिरहेका छन्, टापुमा 'सिम्युलेटेड' आक्रमणहरू पनि समावेश छन् ।

गत साता ताइवानका राष्ट्रपति साई इङ-वेन र अमेरिकी प्रतिनिधि सभाका सभामुख केभिन म्याकार्थीबीच लस एन्जलसबाहिर भेटवार्ता भएको थियो ।

चीनको यो अभ्यासको ताइपेइले निन्दा गरेको छ र वासिंटनले 'बेइजिङको गतिविधिलाई नजिकबाट नियालिरहेको' बताएको छ । सोमबार बेइजिङले 'जिउँदो गोलाबारुद' बोकेका लडाकू विमानले ताइवाननजिकै अभ्यास आक्रमण (सिम्युलेटेड स्ट्राइक) गरेको र यो शान्डोङ विमानवाहक पोत जारी अभ्यासमा संलग्न रहेको बताएको थियो ।

**अमेरिकी युद्धपोत "अवैधरूपमा घुसपैठ" भएको चीनको दाबी**

दक्षिण चीन सागरको जलक्षेत्रमा अमेरिकी युद्धपोतको 'अवैध' घुसपैठ भएको भन्दै चीनले सोमबार निन्दा गरेको छ । अमेरिकी नौसेनाले आफ्नो निर्देशित क्षेप्यास्त्र विध्वंसक युएसएस मिलियस उक्त क्षेत्र भएर गएको बताएपछि चीनको उक्त प्रतिक्रिया आएको हो ।

चिनियाँ सेनाको 'साउदर्न थिएटर कमान्ड' का प्रवक्ता तियान जुनलीले एक विज्ञप्ति जारी गरी क्षेप्यास्त्र नाशक युएसएस मिलियसले चिनियाँ सरकारको अनुमतिबिना चीनको नान्सा टापुको मेइजी रीफसँग जोडिएको पानीमा अवैध रूपमा प्रवेश गरेको पुष्टि गरेका छन् । चिनियाँ वायु सेनाले 'जहाजको अनुगमन र निगरानी गरेको' बताएको छ । *रासस/एएफपी*

# ब्राजिलका राष्ट्रपति लुला चीन भ्रमणमा आउँदै

**साओ पाउलो–** ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले चिनियाँ समकक्षी सी चिनफिङसँग व्यापार र युक्रेनको मध्यस्थताबारे छलफल गर्न आगामी साता बेइजिङमा भेटवार्ता गर्ने भएका छन् ।

सतहत्तर वर्षीय वामपन्थी नेता लुलाले आफ्ना अति दक्षिणपन्थी पूर्ववर्ती जायर बोल्सोनारोको शासनकालमा गुमेको केही समयपछि भूराजनीतिक मञ्चमा ब्राजिलको भूमिका पुनः प्राप्त गर्ने आशा गरेका छन् । विश्वको दोस्रो अर्थतन्त्र र एसियाली शक्ति राष्ट्रको मार्च २५ देखि ३० सम्म भ्रमण गर्ने तय भए पनि स्वास्थ्यका कारण भ्रमणलाई स्थगित गर्नुपरेको थियो । राष्ट्रपति लुला मंगलबार चीन पुग्ने छन् भने शुक्रबार चिनियाँ राष्ट्रपति सीसँग भेटवार्ता गर्ने कार्यक्रम छ ।

यसैबीच युक्रेनका विदेशमन्त्री माउरो भिएराले लुलाको भ्रमणबारे प्रतिक्रिया दिँदै भनेका छन्, 'उनीहरूले युक्रेनमा जारी युद्धका बारेमा कुरा गर्ने छन् र लुलाले युक्रेनमाथि रूसको आक्रमण अन्त्यका लागि मध्यस्थता र वार्ताका लागि आफ्नो प्रस्तावलाई अघि बढाउनुहुनेछ । लुला स्वदेश फर्कने बेलासम्ममा मध्यस्थकर्ता राष्ट्रहरूको एउटा समूह तयार भइसकेको हुनेछ ।' यसअघि दुई पटक ब्राजिलको राष्ट्रपति भइसकेका लुला इरान र अमेरिकाबीचको आणविक वार्ताका क्रममा सन् २०१० मा समाप्त भएको आफ्नो दोस्रो कार्यकालमा जस्तै दक्षिण अमेरिकी महाशक्तिलाई मध्यस्थकर्ताका रूपमा प्रस्तुत गर्न इच्छुक छन् । तर, गत वर्ष युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की आफ्ना रूसी समकक्षी भ्लादिमिर पुटिनजत्तिकै युद्धका लागि 'जिम्मेवार' रहेको दाबी गरेपछि उनको कूटनीतिक भूमिकाको अवसर पछि परेको थियो ।

उनले युक्रेनको प्रतीरक्षामा सहयोग गर्न पश्चिमा राष्ट्रसँग मिलेर हतियार पठाउन पनि अस्वीकार गरेका छन् । बिहीबार लुलाले 'पुटिनले युक्रेनी भूभाग राख्न सक्दैनन्' भने पनि जेलेन्स्कीले 'सबै कुरा नचाहने' पनि बताएका थिए । सन् २०१४ मा मस्कोले कब्जा गरेको क्रिमियामा किभले आफ्नो दाबी त्याग्न पनि उनले सुझाव दिएका थिए । लुलाको यस भनाइबारे युक्रेनको विदेश मन्त्रालयका प्रवक्ता ओलेग निकोलेन्कोले ट्वीटरमा भनेका छन्, 'युक्रेनले आफ्नो एक सेन्टिमिटर भूमि पनि त्याग्नुपर्ने कुनै कानुनी, राजनीतिक वा नैतिक कारण छैन । शान्ति बहालीका लागि कुनै पनि मध्यस्थता प्रयास सार्वभौमिकताको सम्मान र संयुक्त राष्ट्र संघको बडापत्रअनुसार युक्रेनको क्षेत्रीय अखण्डताको पूर्ण बहालीमा आधारित हुनुपर्दछ ।' *रासस/एएफपी*

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/१२/२८**

यस कम्पनीको मिति २०७९/०४/०५ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार तथा मिति २०७९/०४/१८ को कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साबिक कम्पनी **एफ.भि. इन्टरनेशनल क्लिनीक प्रा.लि. (प्रा.लि. नं. ६५१६६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको **स्वाकन इन्टरनेशनल क्लिनीक प्रा. लि. अंग्रेजीमा Swacon International Clinic Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : KONG CHEONG FOOD INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/१२/२७ | LT. No. 284517 | चलानी नं. :60198977

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 3 | 0 | 1500 | ४४,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मतिः २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**सामाजिक सुरक्षामा आबद्धता खर्च कसले ब्यहोर्ने :** कामदार आफैले

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MENG CHOON AGRICULTURE SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०४/३१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 269659 | चलानी नं. :६०१८५५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 60 | 0 | 1500 | ४४,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : C.A.E. ENGINEERING SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०४/०४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 267641 | चलानी नं.६०१८३५३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | 1500 | ४४,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : ST POLYFOAM INDUSTRIES SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 269061 | चलानी नं.६०१८४९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 0 | 1500 | ४४,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TAKE RESTAURANT HANAN AYEDH ABDULLAH AL MOHSEN**

पूर्व स्वीकृति मितिः २०७९/१२/२७ | LT. 284314 | चलानी नं. ६०१९९७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Helper | 9 | 0 | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : DURAT AL-NASEEM COMPANY LIMITED**

पूर्व स्वीकृति मितिः २०७९/१२/२७ | LT. 284235 | चलानी नं. ६०१९९७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 9 | 0 | 1800 | ६२,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TONG ZI LIN FOOD SDN.BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 270738 | चलानी नं. ६०१८६५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 12 | 0 | 1500 | ४४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## मलेशियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PE PLUS INDUSTRIES SDN.BHD.**

पूर्व स्वीकृति मिति : २०७९/१२/२४ | LT. No. 284146 | चलानी नं.६०१९९७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४४,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Api Manpower Solutions Pvt Ltd**
Lic No. 1115/073/074
Kusunti-14, Lalitpur, Nepal
Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SAUDI LEBANESE ARCHITECTURAL WOODWORK**

पुर्व स्वीकृति मितिः २०७९/११/०८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. :281421 | चलानी नं.: ६०१९६८३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 2 | 0 | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनीः CREATIVITY PLACE CORPORATION FOR OPERATION AND MAINTENANCE**

पूर्व स्वीकृति मिति २०७९/१२/२७ | LT. No.284434 | चलानी नं. ६०१९९७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1400 | ४८,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ATOM CORPORATION SDN. BHD.**

पूर्व स्वीकृति मितिः२०७९/०८/२९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 277813 | चलानी नं. ६०१९३४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४५,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**
Govt. License 1211/073/074
बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL NAWRAS TECHNICAL INDUSTRY COMPANY**

पूर्व स्वीकृति मिति २०७९/१२/२७ | LT. No. 284489 | चलानी नं.६०१९९७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Labour | 2 | 0 | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : IMDADAT AL-DHIYAFAH MANUFACTURING CO.**

पूर्व स्वीकृति मिति २०७९/१२/२३ | LT. No. 284222 | चलानी नं.६०१९९५८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 2 | 0 | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | packaging and wrapping labor | 2 | 0 | 1000 | ३४,९०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ५ गते (18th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. 267/058/059
Kupondole (Opposite to Hotel Himalaya)
Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११०००० | प्रति तोला – १०९५०० | प्रति तोला – १४४० |

# अर्थतन्त्र सुधार गर्न सरकार प्रतिबद्ध : प्रधानमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अहिले मुलुकको अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सरकार प्रतिबद्ध रहेको र जिम्मेवारीका साथ लागेको बताएका छन् । नेपाल चेम्बर अफ कमर्शको ७२औं वार्षिक साधारणसभामा सोमबार बोल्दै प्रधानमन्त्रीले दाहालले अर्थतन्त्र सुधारका लागि सरकारले निजी क्षेत्रको पनि उत्तिकै साथ र सहयोग चाहेको बताए ।

'देशको अर्थतन्त्र सञ्चालनमा निजी क्षेत्रको योगदान महत्वपूर्ण रहिआएको छ । कूल लगानीको दुई तिहाई लगानी निजी क्षेत्रबाट भएको छ । उत्पादन र रोजगारी बढाउन साथै अत्यावश्यकीय वस्तु तथा सेवाको आपूर्ति गर्नका लागि अग्रगामी भूमिका खेल्दै आएको छ', प्रधानमन्त्री दाहालले भने । उनले तीनवटै तहका सरकारले पनि आफ्नो योजना तथा नीति तर्जुमा गर्दा निजी क्षेत्रसँग समन्वय गर्दै आएको बताए ।

नेपालले सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने र सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने योजना बनाएकोमा ती लक्ष्य पूर्ति गर्नका लागि निजी क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहने उनको भनाइ छ ।

त्यस्तै पछिल्ला वर्षमा अर्थतन्त्रसँग जोडिएका विभिन्न क्षेत्रमा उल्लेख प्रगति देखिँदै गएकाले अब लगानीका क्षेत्र पनि प्राथमिकिकरण गरिनुपर्ने उनले बताए । 'बहुआयामिक गरिबी कम हुँदै गएको छ । शिक्षा क्षेत्र, लैङ्गिक सशक्तीकरण, खानेपानी सुविधा, विद्युत्मा पहुँचलगायका क्षेत्रमा उल्लेख्य प्रगति भएको छ । अब क्षेत्रगत रूपमा लगानीको वृद्धि र लगानीलाई प्राथमिकीकरण गर्नुपर्ने छ', उनले भने ।

आन्तरिक उत्पादन बढाउन र रोजगारी सिर्जना गर्न नसके यसले अर्थतन्त्रको दिगो विकासका लागि योगदान पुऱ्याउन नसक्ने उनको भनाइ छ । पछिल्ला दिनमा अर्थतन्त्रका आधारभूत सूचक सकारात्मक देखिँदै गएको पनि उनले दाबी गरे ।

'देशभित्रै उत्पादन हुनसक्ने वस्तु पनि ठूलो मात्रामा आयात गरिरहेका छौं भने दैनिक दुई हजारभन्दा युवा विदेशिरहेका छन् । तर देशको आर्थिक अवस्था त्यति खराब छैन । विदेशी मुद्रा सञ्चिति र राजस्व असुलीमा न्यून देखिए पनि ती समस्या पनि विस्तारै समाधान हुँदै गएका छन्', प्रधानमन्त्री दाहालको भनाइ छ ।

कार्यक्रममा अर्थमन्त्री डा प्रकाशशरण महतले पनि अर्थतन्त्र धेरै खराब अवस्थामा नरहेको दाबी गरे । 'हामी सबैलाई थाहा छ, हाम्रो अर्थतन्त्रमा निराशा देखिएको छ । तर निराशाको जुन भाग्य बनाइँदैछ त्यति खराब अवस्था पनि होइन', अर्थमन्त्री महतले भने ।

उनले अर्थतन्त्रबारे नकारात्मक धारणा बनाइएको भन्दै भने, 'खाली बिग्रियो-बिग्रियो मात्रै भन्ने बनाइएको छ । अब सप्रिन्छ र सकारात्मक बाटोमा देशको अर्थतन्त्र अघि बढ्छ भन्ने धारणाका साथ अघि बढ्नुपर्नेछ ।' बजारमा देखिएको यस्तो नकारात्मक भावना चिन्ताको विषय रहेको उनको भनाइ छ । अहिले बाह्य क्षेत्र सुधारोन्मुख अवस्थामा रहेको र मूल्यवृद्धि पनि नियन्त्रणमै रहेको भए पनि अरु केही क्षेत्रमा ठूलो प्रभाव देखिएको अर्थमन्त्री महतले बताए ।

'तरलता अभाव, चर्को ब्याजदर र उत्पादनको लागत बढ्दा लगानीको तुलनामा प्रतिफल कम भएको छ । जसकारण साना तथा ठूला लगानीकर्तासमेत लगानी गर्न सकिरहेका छैनन् । सरकारी राजस्व सङ्कलनको अवस्था चिन्ताजनक अवस्थामा पुगेको छ', अर्थमन्त्री महतले भने ।

यसवर्ष समग्र सरकारी राजस्व सङ्कलन लक्ष्यभन्दा निकै कम देखिएकोमा भन्सार राजस्व मात्रै गतवर्षको भन्दा २८ प्रतिशतले कम उठेको उनको भनाइ छ । सार्वजनिक खर्च घटाउने र पुँजीगत खर्च बढाउने विषय पनि चुनौतीपूर्ण रहेको अर्थमन्त्री महतले धारणा राखे ।







प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ